जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२
२१ फागुन
अब २१ दिन बाँकी

वर्ष २७ • अंक २५५ • २०८२ साल माघ २९ गते बिहीबार (12 February, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## संसद विघटन मुद्दाको तारिख फागुन ८ गते

**टुडे समाचारदाता**

जनकपुरधाम । संसद् विघटन मुद्दामा रिट निवेदकलाई सर्वोच्च अदालतले अर्को साधारण तारिख फागुन ८ गतेका लागि तोकेको छ ।

सर्वोच्चले संसद् पुनर्स्थापनाको माग गर्दै रिट दायर गरेका निवेदकलाई बुधबार (माघ २८) पुनः फागुन ८ गतेको साधारण तारिख दिएपछि चुनावअघि फैसला आउने सम्भावना सकिएको छ । सर्वोच्चका प्रवक्ता अर्जुन कोइरालाले रिट निवेदकलाई फागुन ८ गतेको साधारण तारिख दिइएको जानकारी दिएका छन् ।

जेनजी आन्दोलनपछि गरिएको संसद् विघटनको निर्णय बदरको मागदाबी गर्दै नेपाली कांग्रेस, एमाले र कानुन व्यवसायीका तर्फबाट दायर भएका रिट निवेदन सर्वोच्चमा विचाराधीन अवस्थामा छन् ।

फागुन ८ गतेका लागि तय भएको साधारण तारिखमा मुद्दाका पक्षले सर्वोच्चमा उपस्थित भएर अर्को तारिख लिएर जाने काम हुन्छ । त्यस दिन मुद्दाको सुनुवाइ हुँदैन । सुनवाइका लागि अर्को पेसी तोकेर मात्र प्रक्रिया अघि बढ्छ । सर्वोच्चले यसअघि माघ २० र २८ गतेका लागि रिट निवेदकलाई साधारण तारिख दिएको थियो ।

### भरत तालमा अनियमितता

# तत्कालीन मेयरमाथि भ्रष्टाचारको पाँचौ मुद्दा, ५८ करोड बढी बिगो

**टुडे समाचारदाता**

काठमाण्डु । सर्लाही जिल्लाको बागमती नगरपालिकामा निर्माण गरिएको बागमती माछा पोखरी (भरत ताल) मा अनियमितता गरिएको आरोपमा तत्कालीन मेयर भरत थापा सहित १३ जना विरुद्ध बुधवार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा पाँचौ मुद्दा दायर गरेको छ ।

सागरनाथ वन क्षेत्रको जग्गामा अनधिकृत रुपमा वन पैदावर उत्खनन गरी बेचबिखन गरेको अभियोग थापामाथि लगाइएको छ । राजस्व चुहावट गरी भ्रष्टाचार गरेको कसुरमा अख्तियारले थापासहित १३ जनाविरुद्ध दायर गरेको मुद्दामा थापाविरुद्ध ५८ करोड ६२ लाख १४ हजार ६ सय ५८ रुपैयाँ बिगो दाबी गरिएको छ ।

७ करोड ३८ लाख ९३ हजार ५ सय ८ क्युफिट वन पैदावरको हुन आउने रोयल्टी/राजस्व रकम ५८ करोड ६२ लाख १४ हजार ६ सय ५८ रुपैयाँबराबरको वन पैदावर उत्खनन गरी गराई कानुनबमोजिम उठाउनुपर्ने रोयल्टीसमेतको राजस्व एकापसमा मिलेमतो गरी भ्रष्टाचार गरेको आरोपपत्रमा उल्लेख छ ।

बागमती नगरपालिकाका तत्कालीन मेयर थापासहित सो अवधिका उपमेयर लीलाकुमारी मुक्तान, प्रमुख प्रशासकीय अधिकृत विमलकुमार पोखरेल, तत्कालीन लेखा अधिकृत विश्वराज पोखरेल र इन्जिनियर सागर पौडेललाई अख्तियारले अभियोग लगाएको छ । अख्तियारले दायर गरेको मुद्दामा सागरनाथ वन परियोजनाका कर्मचारीहरुमाथि पनि अभियोग लगाइएको छ ।

अख्तियारले सागरनाथ वन विकास परियोजनाका तत्कालीन परियोजना प्रमुख विशाल घिमिरे, तत्कालीन निमित्त परियोजना प्रमुख देवेशमणि त्रिपाठी, रामकिशोर यादव, प्रेमीलालप्रसाद कलवार, तत्कालीन सहायक वन अधिकृतहरू चन्द्रकुमारी श्रेष्ठ, शिवेन्द्रप्रसाद चौधरी, कार्यालय प्रमुख जितेन्द्रकर्माचार्य र सहायक वन अधिकृत भोला यादवलाई प्रतिवादी कायम गरेको छ ।

सागरनाथ वन परियोजनाको वन क्षेत्र अनियमितता सम्बन्धी मुद्दा डिभिजन वन कार्यालय सर्लाहीले जिल्ला अदालत सर्लाहीमा यस अघि नै दायर गरेको थियो । तत्कालीन मेयर थापाविरुद्ध यस अघि ४ वटा मुद्दा दायर भएको थियो । त्यस मध्ये ३ वटा भ्रष्टाचारसम्बन्धी र एउटा वन मुद्दा छन् । दुईवटा मुद्दामा थापा दोषी ठहर भइसकेका छन् ।



उनी २०७९सालको स्थानीय निर्वाचनमापनि बागमती नगरपालिकाका मेयर निर्वाचित भएका थिए ।उनी तत्कालिन नेकपा माओवादी पार्टीबाट मेयरमा दोस्रो कार्यकालका लागि जितेका थिए ।

आर्थिक वर्ष २०७५/०७६ देखि २०७९/०८० सम्म खर्च गरिएको ५६ करोड ७१ लाख रुपैयाँको कुनै प्रतिफल देखिएको छैन। अभियोगपत्रमा बन ऐनको उल्लंघन, झुटा कागजात तयार, र स्वीकृति बिना बजेट निकासा जस्ता गम्भीर अनियमितताहरूलाई अख्तियारले उल्लेख गरेको छ ।

माछा पाल्ने निहुँमा संघीय सरकारसँगै मधेश प्रदेश सरकारबाट ३० करोड अनुदान लिएको र नगरपालिकाको स्रोत समेत गरेर ५६ करोड भ्रष्टाचार गरेको अभियोग अख्तियारले यस अघिको मुद्दामा लगाएको थियो । त्यसमा थापा र पूर्वमन्त्री सहित ८ जना प्रतिवादी छन् । सो मुद्दामा थापा सहितलाई विशेष अदालतले दोषी ठहर गरिसकेको छ ।

अभियोग पत्रमा नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृति विना वन क्षेत्रमा विकासका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न नमिल्ने र राज्यका अन्य कुनै निकाय वा कार्यालय वा संस्थाले राष्ट्रिय वन क्षेत्रमा कुनै सामाजिक वा भौतिक पूर्वाधार निर्माण गर्ने सम्बन्धी कार्य गरे गराएमा त्यस्ता कार्य वन ऐन अनुसारको कसुर मानिने गरी कानुनी तवरमा प्रतिबन्ध लगाएको व्यवस्थालाई जानिबुझी अनदेखा गरेर बदनियतपूर्ण तवरमा जग्गा नदी उकासको भनी झुट्टा तथा गलत ब्यहोराको लिखत तयार गरेको दाबी छ ।

सागरनाथ वन विकास परियोजना, सर्लाहीले पटक पटक पत्राचार गरी उक्त कार्य नगर्न सचेत गराउँदा गराउँदै पनि नजरअन्दाज गरी जबरजस्ती बागमती नगरपालिका सर्लाहीले राष्ट्रिय वन क्षेत्रमा अनुमति नलिई बदनियत राखेर बजेटको श्रोत सुनिश्चितता नगरी, बागमती नदीको पानीको प्रयोगको लागि कुनै स्वीकृत नलिई हचुवामा निर्माणको काम गरेको अभियोग पत्रमा उल्लेख छ ।

अख्तियारले थापाविरुद्ध २०८० चैत्र २८ गते गैर कानुनी सम्पत्ति आर्जन गरेको भन्दै विशेष अदालतमा २ वटा मुद्दा दर्ता गरेको थियो । उक्त मुद्दा विचाराधीन छ । २०७४ असोजदेखि २०७९ माघसम्म सार्वजनिक पद धारण गर्दा र उनको एक सगोल परिवारका सदस्यहरूको नाममा विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरूको खातामा रहेको बैङ्क मौज्दात रकम, सार्वजनिक सेवामा प्रवेशपछिको पारिश्रमिक र बचत, आय लगायतको आधारमा सात करोड ८६ लाख ५० हजारको वैधानिक स्रोत खुलेको तर सो अवधिमा खर्च र लगानी १३ करोड २० लाख देखिएको निष्कर्ष निकालेको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले मुलुकको शासन-प्रशासनमा विचौलियाको प्रभाव बढ्दै गएकोमा चिन्ता व्यक्त गरेका छन् ।

आयोगको ३५ औं स्थापना दिवसको अवसरमा बुधबार आयोजित कार्यक्रममा उनले विगत केही वर्षयता साना प्रशासनिक कामदेखि बजेट निर्माण, योजना छनोट, उच्चस्तरीय नियुक्ति, मन्त्री चयन र सरकार परिवर्तनसम्ममा शक्तिशाली विचौलिया सक्रिय हुन थालेको नागरिकको बुझाइरहेको बताए ।

अख्तियारको मधेश प्रदेश कार्यालय बर्दिबासलेपनि जनकपुरधाममा कार्यक्रम सम्पन्न गरेको छ ।अख्तियार मधेश प्रदेश बर्दिबास कार्यालयका प्रमुख राम बहादुर कुरुवांगको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्णा यादव प्रमुख अतिथि रहेका थिए ।

# सिरहा कारागारभित्र भेटिएको हतियारको रहस्य

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहा कारागारमा हतियारसहित नगद रुपैया भेटिएको घटना बारे तथ्य खुलेको छ । माघ २६ गते भएको घटना सन्दर्भमा कारागारभित्र हतियार कसरी छिर्यो, कारागारभित्रै कथित नाइकेले चलाइरहेको आापराधिक गतिविधि बारे तथ्य खुलेको हो ।




यी बाहेक कारागारभित्रै जुआतास खेल्ने/खेलाउने, अवैध सुर्तिजन्यसहितमादकपदार्थकोखुलेआम बिक्रीवितरण भइरहेको तथ्य समेत बाहिर आएको छ । कारागार भित्रै कारागार प्रशासन बाहेक कथित नाइके इन्द्रजीत यादवको स्वेच्छाचारी गतिविधि कैदीबन्दीलाई यातना दिने लगायतका कुरा बाहिरिएपछि जेल प्रशासनको समेत ती घटनामा संलग्न रहेको शंका उपशंका उब्जिएको छ ।

कारागारभित्र पेस्तोल र गोलीगट्ठासहितका हतियार कसरी छिर्यो बारे जिल्ला प्रशासन कार्यालय र कारागार प्रशासन पन्छिन खोजिरहेका छन् । तर कारागार स्रोतका अनुसार भने फेला परेका पेस्तोल सिरहा कारागारमा भने विगत दुई वर्षदेखि थियो । पछिल्लो समय पनि पेस्तोलको सूचना जिल्ला प्रहरी कार्यालयमा एक महिना अघि नै पुगेपनि अपरेशन नगरी बेवास्ता गरिएको श्रोतको भनाई छ ।

इन्द्रजीतले कारागारलाई आफ्नो कब्जामा लिएर पेस्तोलको आडमा आपराधिक गतिविधि गरिरहेको एक भारतीय कैदीबन्दीले यसको सूचना एक महिना अघि नै प्रहरीलाई दिएको स्रोतको दाबी छ । ती सूचना बारे कारागार प्रशासनले सूचना पाएको स्वीकार्दै अपरेशन चलाउंदा पेस्तोल बरामद हुन नसकेको बताउंछन् ।

### यसरी फेला पर्‍यो पेस्तोल

माघ २५ गतेका दिन कारागारभित्रका १० जना कैदीबन्दीको आँखामा पट्टी बाँधी, हात बाँधेर इन्द्रजीत समूहका व्यक्तिहरुले कुटपिट गरी ती कैदीहरुलाई कारागारको कोठाबाट बाहिर निकालेर गेटमा ताल्चा लगाएर बन्दी बनाए । घटनाकै दिन साँझ ६ बजेतिर यो सूचना जिल्ला प्रहरी कार्यालयसम्म पुग्यो ।

घटना बारे जानकारी हुने लगतै जिल्ला प्रहरीले सिरहामा रहेको नेपाली सेनाको नन्दा बक्स गण, सशस्त्र प्रहरीको टोलीलाई घटनाबारे अवगत गराए । त्यसपछि तीन वटै सुरक्षा निकायको टोली दलबलसहित कारागार पुग्यो । त्यहाँ पुग्दा १० जना कैदीबन्दी हात बाँधिएको र आँखामा पट्टी लगाइएको अवस्थामा फेला पारे । आँखामा पट्टी लगाएर हात बाँधिएका १० जनाको उद्धार गरेर जिल्ला प्रहरी कार्यालय सिरहा लगियो ।

घटना बारे ती सुरक्षाकर्मी टोलीले सोधपुछ गर्दा प्रारम्भिक चरणमै इन्द्रजीत समूहका कैदीहरुले घरेलु हातहतियारले कुटपिट गर्ने, धाकधम्की दिएको थियो । भोलिपल्ट २६ माघमा सेनाकै सहयोगमा मधेश प्रदेश प्रहरी कार्यालयबाट प्रहरी तालिमप्राप्त कुकुर समेत झिकाएर कारागारभित्र सर्च अपरेशन चलाइयो ।

कारागारको पूर्वतर्फ रहेको जिम हलभित्रको पूरानो ब्लैंकेटमा लुकाएर राखेको अवस्थामा पेस्ताल, ७.६२ लेखेको लाइभ २ राउण्ड गोली र अन्य घरेलु हतियार पनि बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाका डीएसपी रमेशबहादुर पालको भनाई छ ।

कारागारभित्रै लागूऔषध, मदिरा, जुवातास जस्ता निषेध वस्तुहरू पाइने, खाने-खेल्ने जस्ता विषयहरू सार्वजनिक हुँदै आएको कुरा पनि सर्च अभियानकै क्रममा खुलेर आएको उनले बताए । कारागारको चौघेरामा सीमित हुने कैदीबन्दी कारागारभित्रै पेस्तोल र गोलीगठ्ठा राखेर राखेर त्यसको बलमा कारागारमा प्रभुत्व जमाउने, कारागार प्रशासन आफ्नो कब्जामा लिने, नाइके बन्ने र आफ्नो शासन चलाउनेसम्मको अवस्था अपरेशन टोलीले फेला पारेको थियो ।

### कारागारभित्र इन्द्रजीतको शासन

यी सबै घटनाका मुख्य नाइके भनिएका इन्द्रजीत कर्तव्य ज्यानको कसुरमा २५ वर्ष कैद सजाय तोकिएका व्यक्ति हुन् । उनी कारागारका नाइके नभए पनि उनकै नियन्त्रणमा कारागार प्रशासन चल्ने गरेको सुरक्षा स्रोतको भनाई छ ।

हतियार फेला परेपछि प्रहरीले घटनामा संलग्न कथित नाइके इन्द्रजीतलाई नियन्त्रणमा लिंदा उनका सहयोगी १२ जनाले आक्रमण गर्न थालेपछि प्रहरीले लाठी चार्जदेखि गोली फायरसम्म माघ २६ गते गर्नुपरेको थियो । सो घटनापछि कारागारको अवस्था तनावग्रस्त बनेको थियो ।

घटना पश्चात इन्द्रजीतसहित उपद्रव मचाउने १३ जना कैदीलाई अन्यत्र सारिएको छ । इन्द्रजीतसहित ३ जनालाई सुन्धारास्थित केन्द्रीय कारागार जगनाथदेवलमा पठाइएको छ । ७ जनालाई नुवाकोट कारागारमा लगिएको छ भने ३ जनालाई भने रौतहट कारागार पठाइएको डीएसपी पालले जनाएका छन् । त्यस्तै आँखामा पट्टी बाँधेर यातना दिइएका १० जना कैदीलाई पनि झापा, मोरङ र सुनसरी कारागारमा सारिएको छ ।

अहिले मात्रै होइन यसअघि पनि इन्द्रजितको समूहले कारागारमा आतंक सिर्जना गर्दै आएको थियो । गत ४ साउनमा मात्रै १३ जनामाथि कारागारभित्रै कुटपिट गरेको थियो । २४ कात्तिक २०८१ मा कारागारभित्र महँगोमा सामान किनबेच गर्ने गरेको विषयमा तनाव सिर्जना भएको थियो । त्यतिबेला छानबिन समिति समेत गठन गरेर अध्ययन गरिएको थियो ।

यसअघि १२ चैत २०७९ मा पनि सिरहा कारागारमा झडप भएको थियो । त्यतिबेला चौकीदार यादव गिरी थिए । उनीमाथि कैदीबन्दीहरू आक्रमणको प्रयास गरेपछि त्यहाँबाट सिन्धुली कारागार सारिएको थियो । २०७८ माघमा पनि कारागारमा झडप हुँदा चार कैदी घाइते भएका थिए ।



# 'एआई' प्रविधिद्वारा किसानलाई 'डिजिटल' कृषि सल्लाह उपलब्ध गराउन 'कनेक्ट' किसान र एनएएएमपीबीच सहकार्य

काठमाण्डु । 'एआई' प्रविधिद्वारा किसानलाई डिजिटल कृषि सल्लाह उपलब्ध गराउन कृषि तथा पशुपन्छी विकास मन्त्रालय,राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (एनएएएमपी) र कनेक्ट किसान प्रालिबीच सम्झदारीपत्रमा हस्ताक्षर गरिएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको तर्फबाट कार्यक्रम निर्देशक हिक्मतकुमार श्रेष्ठ र कनेक्ट किसानको तर्फबाट निर्देशक राजन दाहालले सो सम्झदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो ।



यसबाट नेपाली किसानलाई 'डिजिटल प्लेटफर्म'मार्फत कृषिसम्बन्धी समस्या समाधानमा सजिलो हुने विश्वास गरिएको छ । कनेक्ट किसानले विकसित गरेको 'भ्वाइस बेस' र 'टेक्स्ट बेस एआई एडभाइजरी' प्रविधिले किसानलाई खेतबारीमा प्रत्यक्ष सहायता पुऱ्याउनेछ। यो प्रणालीमा किसानले खेतीबारीमा काम गर्दा आउने समस्याजस्तै मल, बजार, रोगरकीरा व्यवस्थापनको तत्काल समाधान वा सुझाव प्राप्त गर्न सक्नेछन् ।सो अवसरमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका कार्यक्रम निर्देशक श्रेष्ठले किसानलाई डिजिटल प्लेटफर्ममा पुऱ्याउन र समस्या समाधानमा सहयोग पुऱ्याउन कनेक्ट किसानसँग सम्झौता गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "किसानले आफ्नो खेतबारीमा जुनसुकै समस्या आए पनि तत्काल समाधान पाउन सक्नेछन् । साथै, ठूला वा जटिल समस्याहरूको लागि प्रविधिक र अनुसन्धान टोलीले पनि सहयोग गर्नेछ ।"कृषि नीतिगत चुनौतीजस्तै बजारमा पहुँच नपाउनु, मल अभाव, रोग व्यवस्थापनजस्ता समस्या पनि एआई प्रणालीमा डेटा बनाइने र भविष्यमा त्यसको आधारमा समाधानको योजना तयार पारिने निर्देशन श्रेष्ठले बताउनुभयो ।

कनेक्ट किसानका निर्देशक दाहालले भारतमा प्रविधिमैत्री किसानले एआईको प्रयोग गरेर उत्पादन वृद्धि गरिरहेका र नेपालमा पनि यस्ता प्रविधि प्रयोग गर्दा किसानलाई सहयोग पुग्ने बताउनुभयो । उहाँका अनुसार किसानहरूले यदि नीतिगत समस्या वा बजारसँग सम्बन्धित चुनौती देखेका छन् भने वा खेतीमा रोग-कीरासम्बन्धी अनुसन्धान आवश्यक छ भने उनीहरूले यी जानकारीहरू एआई प्रविधिको माध्यमबाट पठाउन सक्नेछन् । पठाइएको जानकारी सङ्कलन गरी एनएएएमपीले आवश्यक कदम चाल्न प्रयोग गरिनेछ। उहाँले भन्नुभयो, "हाम्रो एआई प्रणालीले किसानलाई व्यक्तिगत कृषि सल्लाह दिन सक्षम छ ।" यस सम्झौताको माध्यमबाट किसानको समस्या दीर्घकालीन रूपमा समाधान गर्ने उद्देश्य राखिएको छ। रासस

# अख्तियार दुरुपयोग राज्यको वैधानिकता र सामाजिक न्यायमाथिको गम्भीर चुनौती: राष्ट्रपति पौडेल

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले अख्तियार दुरुपयोग कुनै सामान्य त्रुटि नभएर यो राज्यको वैधानिकता र सामाजिक न्यायमाथिको गम्भीर चुनौती भएको बताउनुभएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५औँ स्थापना दिवसका अवसरमा बुधबार आयोजित विशेष कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले प्राप्त जिम्मेवारी पूरा गरी सुशासन कायम गर्नेतर्फ आयोगको ध्यान जानुपर्ने बताउनुभयो । उहाँले शक्ति र पद हुँदैमा जो कोही कानुनी जवाफदेहिताबाट मुक्त हुँदैन भन्ने विश्वास आम नागरिकमा दिलाउने गरी राज्यका अधिकार प्राप्त निकायबाट कामकारबाही हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

"अख्तियार दुरुपयोग कुनै सामान्य त्रुटि होइन, यो राज्यको वैधानिकता र सामाजिक न्यायमाथिको गम्भीर चुनौती हो", उहाँले भन्नुभयो, "तर आज आत्मसन्तुष्ट हुने समय होइन, आयोगले शक्ति र पद हुँदैमा जो कोही कानुनी जवाफदेहिताबाट मुक्त हुँदैन भन्ने विश्वास आम नागरिकमा दिलाउने गरी काम गर्नुपर्ने म अझै खाँचो देखिरहेको छु।"

राष्ट्रपति पौडेलले अख्तियार दुरुपयोग केवल कानुन उल्लङ्घन मात्र नभएर नागरिकको आस्था, विश्वास र भविष्यका सपनामाथि गरिने गहिरो आघात पनि भएको बताउनुभयो । "अख्तियार दुरुपयोग केवल कानुन उल्लङ्घन मात्र होइन, यो नागरिकको आस्था, विश्वास र भविष्यका सपनामाथि गरिने गहिरो आघात पनि हो, यसले आर्थिक क्षति वा नैतिक विचलनभन्दा धेरै पर पुगेर राज्य र नागरिकबीचको भरोसाको सेतुमा चोट पुऱ्याउँछ", उहाँले भन्नुभयो, "जब सार्वजनिक शक्ति व्यक्तिगत स्वार्थका लागि प्रयोग गरिन्छ, तब राज्यले नागरिकमाथि गरेको विश्वास मात्र होइन, नागरिकले राज्यप्रति राखेको भरोसा पनि कमजोर बन्छ । यसले शासन प्रणालीप्रति निराशा जन्माउँछ, कानुनप्रतिको आस्था कमजोर बनाउँछ र लोकतन्त्रको आधारभूत मूल्यलाई क्षति पुऱ्याउँछ।"




सत्ता, शक्ति र धन प्राप्तिको अनावश्यक मोहले प्रक्रिया, पद्धति र प्रणालीको दुरुपयोग गरी मानिसलाई भ्रष्टाचारतर्फ प्रवृत्त गराउँदछ, तर बानी, व्यवहार, आचरण र अभ्यासले म भ्रष्टाचार गर्दिन र हुन पनि दिन्न भन्ने प्रण गर्ने हो भने जे जसरी पनि सत्ता, शक्ति र धन प्राप्तिको मोहलाई नियन्त्रण गर्न सकिन्छ र भ्रष्टाचारलाई जरैदेखि निर्मूल गर्न सकिने आफ्नो विश्वास रहेको उहाँको भनाइ थियो ।

"सदाचार, नैतिकता, निष्पक्षता, पारदर्शीता एवं निर्भीकतालाई जीवन पद्धतिकै रुपमा अगाडि बढाएर काम गर्न सकियो भने भ्रष्टाचार न्यूनीकरण तथा नियन्त्रण गर्न सम्भव छ, यसका लागि नीति, पद्धति, प्रविधि र प्रवृत्तिगत सुधारका प्रयासलाई प्रभावकारी बनाएर अनुशासन र सदाचार प्रणालीको विकास होस् भन्ने मेरो चाहना छ", राष्ट्रपति पौडेलले भन्नुभयो ।

लोकतन्त्रको सुदृढीकरण, आर्थिक विकास, सुशासन, सामाजिक न्याय र समृद्धि हाम्रो चाहना हो भन्दै उहाँले सुशासन र पारदर्शिताबिना लोकतन्त्रको प्रतिफल जनताको घरदैलोमा पुऱ्याउन सकिदैन भन्नुभयो । "जनताको अपेक्षाअनुसारको विकास र समृद्धि हासिल गर्ने प्रमुख र अनिवार्य शर्त नै अख्तियार दुरुपयोगको अन्त्य र भ्रष्टाचार नियन्त्रण हो, लोकतन्त्रले अपेक्षा गर्ने सुशासन, सामाजिक न्याय र समृद्धिको अवधारणालाई मूर्तरुप दिन सबै प्रकारका भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउनैपर्दछ", राष्ट्रपति पौडेलले भन्नुभयो ।

सहज र सरल तरिकाले जनतामा सेवा प्रवाह तथा सुशासनमार्फत देशको समृद्धि नै संविधान र लोकतान्त्रिक गणतन्त्रको अभिष्ट भएको बताउँदै राष्ट्रपति पौडेलले संविधान र व्यवस्थाले राखेको यही अभिष्टलाई पूरा गर्न सम्पूर्ण ध्यान केन्द्रित होस् भनेर नै बेलाबेलामा आवाज उठ्ने गरेको र भर्खरै युवा पुस्ताले आन्दोलन गरी त्यही चाहना प्रकट गरेका हुन् भन्ने पनि नबिर्सन सबैलाई आग्रह गर्नुभयो ।

उहाँले भ्रष्टाचारविरुद्धको लडाइँ कुनै एक संस्थाको मात्र जिम्मेवारी नभएर राज्यका सबै अङ्ग, राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिक समाजको संयुक्त प्रतिबद्धताबाट मात्र सफल हुने बताउँदै भन्नुभयो, "अख्तियार दुरुपयोगविरुद्धको सङ्घर्ष अन्ततः न्याय, समानता र सुशासनको पक्षमा उभिने सङ्घर्ष हो, यही सङ्घर्षमार्फत मात्र नागरिकको विश्वास पुनःस्थापित गर्न, लोकतन्त्रलाई सुदृढ बनाउन र भावी पुस्तालाई स्वच्छ, सक्षम र भरोसायोग्य राज्य हस्तान्तरण गर्न सक्छौँ भन्ने मेरो विश्वास हो।"

उहाँले भ्रष्टाचार नियन्त्रणका लागि दृढ राजनीतिक प्रतिबद्धता पहिलो शर्त भएको स्पष्ट गर्दै राजनीतिक पदाधिकारीहरूको कार्यसंस्कृतिमा हुने सकारात्मक परिवर्तनले प्रशासनिक क्षेत्रलाई पनि मार्गदर्शन हुन्छ भन्ने आफूले ठानेको बताउनुभयो ।रासस

# चलचित्र पर्यटन प्रवर्द्धनका लागि पर्यटन र चलचित्र विकास बोर्डबीच समझदारी

काठमाण्डु । चलचित्रमार्फत नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपाल पर्यटन बोर्ड (एनटीबी) र चलचित्र विकास बोर्ड (एफडीबी)बीच चार बुँदे समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको छ ।




बुधबार पर्यटन बोर्डको सभाहलमा आयोजना गरिएको कार्यक्रममा पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी र चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले हस्ताक्षर गर्नुभएको समझदारी पत्रअनुसार नेपालले आगामी वर्ष विसं ३०८३ को वैशाखमा आयोजना हुने कान्स फिल्म फेस्टिभल २०२६ मा आधिकारिक रूपमा सहभागिता जनाउने, पोखरामा अन्तरराष्ट्रियस्तरको चलचित्र महोत्सव आयोजना गर्ने, अडियो-भिजुअल स्टोरीटेलिङ अभियान सञ्चालन गर्ने तथा चलचित्र पर्यटनसम्बन्धी प्रवर्द्धन सामग्री उत्पादन गर्ने सहमति भएको छ ।

कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष डिसीले यो सहकार्यलाई लामो यात्राको सुरुवात भएको बताउनुभयो । "चलचित्र छायाङ्कन भइसकेपछि ती स्थान स्वतः पर्यटकीय गन्तव्यका रूपमा प्रवर्द्धित हुने गरेका छन्", उहाँले भन्नुभयो, "नेपाललाई पर्यटनप्रधान देश बनाउन हामी हातेमालो गरेर अघि बढ्नेछौं।"

त्यसैगरी नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपाललाई 'ल्याण्ड अफ मेमोरेबल स्टोरिज्' का रूपमा स्थापित गर्ने लक्ष्यसहित चलचित्र पर्यटनलाई प्राथमिकतामा राखिएको बताउनुभयो ।

"चलचित्र छायाङ्कनका लागि आवश्यक नीतिगत सुधार, अनुमति प्रक्रियाको सरलीकरण र सहजीकरण आवश्यक रहेको हामीले बुझेका छौँ, पर्यटन बोर्डले वार्षिक रूपमा ५०-६० अन्तरराष्ट्रिय फोरममा सहभागिता जनाउँदै आएको छ, यस सम्झौतापछि बोर्डले सहभागिता जनाउने प्रमुख कार्यक्रममा चलचित्र क्षेत्रसँग सहकार्य गर्न सकिन्छ", उहाँले भन्नुभयो ।

समझदारीपत्रमा चलचित्रमार्फत प्रेरित यात्रा (सेट-जेटिङ) लाई प्रोत्साहन गर्ने, अन्तरराष्ट्रिय प्रदर्शनी तथा बजारमा संयुक्त प्रवर्द्धन गर्ने, नेपाललाई श्रवयदृश्य उत्पादनका लागि आकर्षक गन्तव्यका रूपमा स्थापित गर्ने तथा पूर्वाधार विकास र प्रवर्द्धन अभियान सञ्चालन गर्ने विषय समेटिएका छन् ।

त्यसैगरी नेपाल पत्रकार महासंघका सचिव बैकुण्ठराज पराजुलीले पर्यटन बोर्ड र चलचित्र विकास बोर्डबीचको यो समझदारीले नेपाललाई क्षेत्रीय तथा विश्व पर्यटन नक्सामा थप मजबुत रूपमा स्थापित गर्ने रणनीतिक कदम भएको बताउनुभयो । रासस

# चिनी मिलको क्रसिङ तथा उत्पादन बन्द



टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको रामनगरस्थित एभरेस्ट चिनी मिलले आन्तरिक कारण जनाउँदै उखु क्रसिङ अस्थायी रूपमा बन्द गरेको छ। कारखानाले बुधबार बिहानदेखि क्रसिङ बन्द भएको जानकारी दिएको हो ।

कारखानाका वित्तीय महाप्रबन्धक विमलचन्द्र ठाकुरका अनुसार यान्त्रिक सरसफाइका कारण क्रसिङ बन्द गर्नुपरेको हो। उनले भने, "मिल सञ्चालन भएको ५१ दिन पुगिसकेकाले प्राविधिकको परामर्शमा नियमित सरसफाइका लागि चिनी उत्पादन र क्रसिङ बन्द गरिएको हो।"

यान्त्रिक सफाइको काम पूरा गर्न ४८ घण्टा वा सोभन्दा बढी समय लाग्न सक्ने अनुमान गरिएको छ। सफाइको काम सकिएपछि बिहीबारसम्म कारखाना पुनः सञ्चालनमा आउने मिल प्रशासनले जनाएको छ।

कारखाना परिसरमा उखु बोकेर आएका सयौँ गाडीहरू मिल सञ्चालनको प्रतीक्षामा रहेको उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले जानकारी दिए। मिल बन्द भएसँगै ग्रामीण भेगका खरिद केन्द्रहरूले पनि अर्को सूचना नभएसम्मका लागि उखु तौल गर्ने प्रक्रिया स्थगित गरेका छन्। वित्तीय महाप्रबन्धक ठाकुरका अनुसार मिल सञ्चालन भएदेखि एभरेस्टले दैनिक ४० हजार क्विन्टल उखु क्रसिङ गर्दै आएको छ।

# सुक्खाबन्दरगाहमा छ महिनामा ५७२ रेल्वे ऱ्याकमार्फत सामान भित्रियो

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयमातहतको सुक्खाबन्दरगाहमा चालु आर्थिक वर्षको छ महिनामा ५७२ रेल्वे ऱ्याकमार्फत मालवस्तु तथा सामान भित्रिएको छ।




नेपाल इन्टरमोडल यातायात विकास समिति वीरगञ्जका कार्यालय प्रमुख कमल ज्ञवालीका अनुसार भारतीय रेल्वे सेवामा देखापरेको 'हल्टेज'को समस्याको कारणले चालु आवमा रेल्वे ऱ्याक आउने क्रममा केही गिरावट आएको छ । गत आवको छ महिनाको तुलनामा चालु आवको छ महिनामा १६ कम रेल्वे ऱ्याकमार्फत वस्तु तथा सामान भित्रिएका छन् ।

गत आवको छ महिनामा भने ५८८ रेल्वे ऱ्याकमार्फत वस्तु तथा सामान भित्रिएको थियो।वीरगञ्जकोसुक्खाबन्दरगाहमा भारतको कोलकत्ता र हल्दिया पोर्ट र विशाखापटनम लगायतका बन्दरगाहबाट रेलमार्फत मालसमान ल्याउने गरिन्छ। एक पटकमा रेल्वे ऱ्याकमार्फत ४० फुट क्षमताका ४५ कन्टेनरमा मालवस्तु ल्याउन सकिन्छ भने २० फुट क्षमताको भने ९० वटा कन्टेनरमा मालवस्तु ल्याउन सकिन्छ।

नेपाल इन्टरमोडल यातायात विकास समिति वीरगञ्जका कार्यालय प्रमुख कमल ज्ञवालीले गत आर्थिक वर्षको छ महिनाको तुलनामा चालु आवको सोही अवधिमा रेल्वेऱ्याकमार्फत हुने आयातमा १६ वटा रेल्वेऱ्याकमार्फत कमी आएको बताए। चालु आवको साउनमा ९४ ऱ्याक, भदौमा ९० ऱ्याक, असोजमा १०१ ऱ्याक, कात्तिकमा ९१ ऱ्याक, मङ्सिरमा ९२ ऱ्याक र पुस महिनामा १०४ रेल्वे ऱ्याकमार्फत वस्तु तथा सामान ल्याइएको थियो।

गत आवको साउनमा ९९ रेल्वे ऱ्याक, भदौमा १०२ वटा, असोजमा ११० वटा, कात्तिकमा ७९ वटा, मङ्सिरमा ९० र पुसमा १०८ रेल्वे ऱ्याकमार्फत वस्तु तथा सामान भित्राइएको थियो । सुक्खाबन्दरगाहमा विशेष गरी स्पन्ज आइरन,रासायनिक मलखाद, जिप्सन तथा फलाम, कोइलालगायतका आयात गर्ने गरिन्छ।

यहाँको वीरगञ्ज भन्सार कार्यालय मातहतको सुक्खाबन्दरगाह सञ्चालन र व्यवस्थापन गर्ने प्रिष्टिन भ्यालीका 'अपरेसन इञ्चार्ज' अभिषेक मिश्रले भारतीय रेल्वे प्रणालीमा विगत दुई महिनाअघि देखिएको समस्या अहिले विस्तारै कम हुँदै गइरहेको बताए । "केही महिनाअघिसम्म भारतको विहार राज्यमा निर्वाचन र चाडपर्वको कारणले पनि रेलसेवा केही प्रभावित भएको थियो", उनले भने, "अहिले रेलसेवा केही सहज भइरहेको छ।" उनले कोलकोत्ताबाट मालबाहक सामान बोकेको रेल्वे ऱ्याक वीरगञ्जसम्म आइपुग्न करिब आठ दिन लाग्ने र विशाखापटनमबाट भने करिब १० दिन लाग्ने दाबी गरे

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन घरबाट जनकपुर आउने क्रममा मिति २०८२/०८/०५ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : मेघा कुमारी साह**
**सिम्बोल नं.: २२५०१३२७**
**रजिष्ट्रेशन नं.: ७६२५११४६५**
**ठेगाना:जि.ध. लक्ष्मीनियाँ गा.पा.-४**
**मो.नं. ९८५४०२२०७९**

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : काममा केही चुनौती देखिए पनि मेहनत गर्दा समयको सदुपयोग हुनेछ।
वृष : नयाँ ज्ञान सिक्ने मौका छ। व्यापार व्यवसायबाट लाभ हुनेछ।
मिथुन : धेरैले विश्वास गर्नेछन्।सोचेको आटेको काममा सफलता मिल्नेछ।
कर्कट : समय साथीभाईसंग रमाइलोमा बित्नेछ।
सिंह : प्रतिष्ठित काम गर्ने मौका छ। सन्तान वा अनुयायीले प्रसन्नता दिलाउने छन्।
कन्या : प्रयत्न गर्दा बिग्रिएको सम्बन्ध र विगतका कमजोरीलाई सुधार गर्न सकिनेछ।
तुला : नसोचेको धन लाभ हुन सक्छ।
वृश्चिक : आम्दानी प्रशस्तै बढ्नेछ। परिवारसंग मनमुटाव हुने देखिन्छ।
धनु : सोचेको भन्दा आम्दानी धैरै हुँदा मन प्रसन्न रहनेछ।
मकर : व्यापार व्यवसायबाट त्यति लाभ मिल्ने छैन।
कुम्भ: सम्पत्तिको लागि घर झगडा हुने देखिन्छ।
मीन : आफ्नै प्रयासले काममा लाभ मिल्नेछ। स्वास्थ्यमा सुधार आउनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बाराको गढिमाई मन्दिरसँगै रहेको विवाह मण्डप । मण्डपले यहाँको आकर्षण थपेको छ । तस्विरः रासस

# 'ग्रे लिष्ट'मा नेपाल, चुनौतीसँगै अवसर पनि



काठमाण्डु । नेपाल राष्ट्र बैंकका गभर्नर प्रा डा विश्वनाथ पौडेलले नेपाल अन्तरराष्ट्रिय वित्तीय निकाय फाइनान्सियल एक्सन टाक्सफोर्सको 'ग्रे लिष्ट' पर्नु चुनौती पूर्ण भए पनि मुलुकको सम्पत्ति शुद्धीकरण संयन्त्र सुधार्ने ठूलो अवसरका रूपमा लिनुपर्ने बताउनुभएको छ ।

राष्ट्र बैंकको सम्पत्ति शुद्धीकरण रोकथाम तथा सुपरिवेक्षण विभागद्वारा बुधबार आयोजित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादलाई वित्तीय सहयोगसम्बन्धी अन्तरराष्ट्रिय सम्मेलनमा उहाँले यो हाम्रा लागि अवसरका रूपमा पनि रहेको बताउनुभयो । "यसले हामीलाई आन्तरिक संयन्त्र सुदृढ, पारदर्शी र विश्वव्यापी मापदण्डअनुसार बनाउनुपर्ने पाठ सिकाएको छ", उहाँले भन्नुभयो ।

अत्याधुनिक प्रविधि प्रयोग गरी वित्तीय अपराध गर्ने प्रवृत्ति बढ्दै गएको बताउँदै त्यसलाई नियन्त्रण गर्न सुपरिवेक्षण संयन्त्रलाई थप स्रोतसाधन सम्पन्न बनाउनुपर्ने पनि उहाँले बताउनुभयो । "त्यसका लागि भोली समस्या परेपछि गरौँला भनेर वा घटनापछि प्रतिक्रियात्मक भएर हुँदैन, पूर्वतयारी गर्नुपर्छ", उहाँले भन्नुभयो ।

कानुनी छिद्र प्रयोग गरी वित्तीय अपचलन र अपराध गर्ने चलन बढेकाले सबै यसप्रति सचेत हुनुपर्नेमा गभर्नर प्रा डा पौडेलले जोड दिनुभयो । मुलुकलाई स्वास्थ्य र शिक्षामा खर्च गर्नुपर्ने रकम यस्ताको रोकथाममा लगाउन बाध्य बनाउनुको साथै सामाजिक र वर्गीय विभेदलाई गहिराउने धारणा पनि उहाँको थियो । बिहीबारसम्म सञ्चालन हुने सम्मेलनमा नेपाल, भारत, श्रीलङ्का बङ्गलादेश र मङ्गोलियाका केन्द्रीय बैंकका अधिकारीहरू सहभागी छन् ।रासस

# भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी सरकारको होः प्रधानमन्त्री कार्की



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी सरकारको हुने भएकाले सोहीअनुसार कामकाज भइरहेको बताउनुभएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५औँ स्थापना दिवसका अवसरमा बुधबार आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले भ्रष्टाचार न्यूनीकरण तथा नियन्त्रण गरी सुशासन कायम गर्ने सन्दर्भमा सरकार अहोरात्र खटिरहेको बताउनुभयो ।

प्रधानमन्त्री कार्कीले मुलुकमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणको मूलभूत माग राखी जेनजी युवाको अगुवाइमा गत भदौमा भएको आन्दोलनलाई गम्भीर सन्देशका रूपमा लिन सबैसँग अनुरोध गर्नुभयो । उहाँले जेनजी आन्दोलनको जगमा गठित वर्तमान सरकारले नागरिकमैत्री प्रशासनको अनुभूति गराउने, भ्रष्टाचार नियन्त्रणलगायत समग्र शासकीय सुधारका कार्यलाई प्राथमिकतासाथ अघि बढाइरहेको स्पष्ट गर्नुभयो ।

सरकारले राज्यकोषमा अनावश्यक भार पार्नेगरी भएका निर्णयहरू रोकेर सार्वजनिक खर्चमा मितव्ययिता अपनाएको जानकारी दिँदै उहाँले भन्नुभयो, "राज्यकोषमा भार पार्ने गरी हुने अनावश्यक भर्तीहरू रोकेका छौँ । पर्याप्त तयारी नगरी स्रोतसाधन दुरुपयोग गर्ने उद्देश्यले रातो किताबमा समावेश गरिएका कैयौँ योजनाका बजेट कटौती गरेका छौँ ।" राज्यका स्रोत-साधनको दुरुपयोगविरुद्ध सरकार निर्मम ढङ्गले प्रस्तुत भएको दावी गर्दै उहाँले अवाञ्छित सुविधाहरू लिने र स्रोतसाधन दुरुपयोग गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिएको स्पष्ट गर्नुभयो ।

प्रधानमन्त्री कार्कीले नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने अत्यावश्यक सेवाहरूलाई सरल, शीघ्र र सुलभ बनाउन सरकार संवेदनशील रहेको बताउनुभयो । "नागरिकता, राहदानी, सवारीचालक अनुमतिपत्रलगायतका सार्वजनिक सेवा सरल, शीघ्र र सुलभ ढङ्गले प्रदान गर्न सरकार संवेदनशील भई लागिपरेको छ", उहाँले भन्नुभयो । आगामी निर्वाचनपछि आउने सरकारलाई मार्गदर्शन हुने गरी 'सुशासनको मार्गचित्र' तयार गर्ने काम अन्तिम चरणमा पुगेको जानकारी दिँदै उहाँले भन्नुभयो, "सुशासनको दीर्घकालीन आधार निर्माण गर्न हामीले मार्गचित्र तयार गरिएको छ, जसलाई आगामी सरकारले अघि बढाउने विश्वास लिएका छौँ ।"

प्रधानमन्त्री कार्कीले सुशासन प्रवर्द्धन र भ्रष्टाचार निवारणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । पछिल्लो समय आयोग थप सक्रिय देखिएको उल्लेख गर्दै उहाँले भ्रष्टाचारविरुद्धका काम, कारबाहीलाई अझ सशक्त र प्रभावकारी बनाउन अख्तियार प्राप्त राज्यका संरचनाहरूलाई व्यावसायिक एवं स्वतन्त्र बनाउने पक्षमा सरकार रहेको स्पष्ट गर्नुभयो । उहाँले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्नुपर्नेमा जोड दिँदै संयुक्त राष्ट्रसङ्घको भ्रष्टाचारविरुद्धको महासन्धिअनुरूप दोस्रो राष्ट्रिय नीति निर्माणको काम अन्तिम चरणमा पुगेको जानकारी पनि दिनुभयो ।

प्रधानमन्त्री कार्कीले 'जेनजी' आन्दोलनपछि मुलुकमा थप द्वन्द्व चर्किन नदिन र शान्ति सुव्यवस्था कायम राख्दै निर्वाचनको वातावरण बनाउन सरकार केन्द्रित रहेको स्पष्ट गर्नुभयो । उहाँले निर्वाचनपछि नयाँ जनादेशसहित आउने सरकारले 'जेनजी पुस्ता'को भावनाअनुसार सुशासन कायम गर्न थप कदम उठाउने विश्वास पनि व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री कार्कीले भन्नुभयो, "भ्रष्टाचार नियन्त्रणका लागि हामीकहाँ पर्याप्त संरचना छन्, कानुनी र नीतिगत व्यवस्था पनि छन् । तर पनि भ्रष्टाचार अपेक्षाकृत नियन्त्रण हुन सकिरहेको छैन । विकृति, विसङ्गति र भ्रष्टाचार अन्त्यसहित सुशासनको माग राखी गत भदौमा जेनजी युवा सडक आन्दोलनमा किन आउनुपर्‍यो र केहीले जीवन गुमाउनुपरेको अवस्था छ, यी प्रश्नको जवाफ कसले दिने ।"

यस किसिमका संवेदनशील प्रश्नहरूले राज्य संयन्त्रलाई आत्मसमीक्षा गर्न बाध्य बनाएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "भ्रष्टाचार नियन्त्रण गर्ने पहिलो जिम्मेवारी सरकारको नै हो, कार्यकारी अङ्गको नै हो । त्यसमा पनि प्रत्येक निकाय र कार्यालयका प्रमुखले नै आफ्नो संस्था र संरचनाभित्रको भ्रष्टाचार नियन्त्रणको जिम्मा लिनुपर्दछ र जवाफदेही पनि बन्नुपर्दछ ।"

प्रधानमन्त्री कार्कीले कार्यकारी जिम्मेवारीबाट पन्छिने प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गर्दै भन्नुभयो, "जबसम्म हामी भ्रष्टाचार नियन्त्रणका लागि कार्यकारी अङ्गभन्दा बेग्लै संरचनातिर मुख ताकेर बस्छौँ, तबसम्म आफूभित्र चाहेको सुधार गर्न सक्ने छैनौँ । प्रत्येक कार्यालयमा हुने भ्रष्टाचार र घुसखोरीका लागि उक्त कार्यालयको प्रमुख नै जिम्मेवार हो ।"जिम्मेवारीबोध र नैतिक चेतनाको अभावले सुशासन कमजोर बनेको धारणा पनि प्रधानमन्त्री कार्कीले राख्नुभयो ।रासस

# सुशासन प्रवर्द्धनका लागि आयोगले काम गरिरहेका छ : अख्तियार प्रमुख आयुक्त राई

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले मुलुकको शासन-प्रशासनमा विचौलियाको प्रभाव बढ्दै गएकामा चिन्ता व्यक्त गर्नुभएको छ ।

आयोगको ३५ औं स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा उहाँले विगत केही वर्षयता साना प्रशासनिक कामदेखि बजेट निर्माण, योजना छनोट, उच्चस्तरीय नियुक्ति, मन्त्री चयन र सरकार परिवर्तनसम्ममा शक्तिशाली विचौलिया सक्रिय हुन थालेको नागरिकको बुझाइरहेको बताउनुभयो । हरेक काममा विचौलिया प्रवृत्तिले राज्य संयन्त्रको स्वायत्तता र सुशासनलाई कमजोर बनाउँदै लगेको उहाँको भनाइ छ । "विगतमा फ्रन्टलाइनबाट सेवा प्रवाह गर्ने सरकारी कार्यालयमा साना खालका काममा सहजीकरणको लागि विचौलियाहरूले काम गर्ने गरेकोमा विगत ५-१० वर्षदेखि बजेट निर्माण, योजना निर्माण, महत्वपूर्ण निकायको नियुक्ति, सरुवा, बढुवा, मन्त्रीहरू नियुक्ति, सरकार परिवर्तनसम्मका कार्यका लागि शक्तिशाली विचौलियाहरूको प्रभाव बढ्दै गएको आम बुझाई छ", प्रमुख आयुक्त राईले भन्नुभयो, "यीनै विचौलियाले सरकार र सरकारका सबै निकायलाई आफ्नो नियन्त्रणमा लिई तिनकै इशारामा चलाउन थालेको कारण राज्यमा सुशासन कायम हुन नसकेको भन्ने गुनासो आउन थालेको हुँदा राज्य सञ्चालकहरूले सबै क्षेत्रमा विचौलिया निषेध गर्न नसकेमा सुशासन नारामा मात्र सीमित हुने देखिन्छ ।"



उहाँले आयोगले संवैधानिक जिम्मेवारी अनुरूप भ्रष्टाचारजन्य कसुरको वस्तुनिष्ठ अनुसन्धान र विशेष अदालतमा अभियोजनलाई निरन्तरता दिएको स्पष्ट गर्दै अब निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिमासमेत जोड दिइएकोसमेत बताउनुभयो ।

आयोगले भ्रष्टाचारजन्य कसुरको वस्तुनिष्ठ अनुसन्धान गरी भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्दै आइरहेको उहाँले बताउनुभयो । साथै सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ मा भएको पछिल्लो संशोधनअनुसार भ्रष्टाचारजन्य कसुरबाट आर्जित सम्पत्तिको शुद्धीकरणसम्बन्धी कसुरका अनुसन्धान आयोगले गर्ने भन्ने व्यवस्था भएबमोजिम आयोगले सो कसुरको समेत अनुसन्धान र अभियोजन गर्ने कार्य गर्दै आएको छ । भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगले आफ्नो रणनीतिक योजना तर्जुमा गरी उपचारात्मक कार्यका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक कार्य समेत गर्दै आएको उहाँले बताउनुभयो ।

आयोगले 'भ्रष्टाचारमुक्त र सदाचारयुक्त सार्वजनिक क्षेत्र निर्माण'सहितको दूरदृष्टि राखी पाँचौं रणनीतिक योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनमा ल्याएको र यसले उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक विधि अवलम्बनमार्फत भ्रष्टाचार न्यूनीकरण गर्ने लक्ष्य लिएको राईले उल्लेख गर्नुभयो । अहिले उच्च जोखिमयुक्त क्षेत्रलाई प्राथमिकतामा राखी अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाइएको उहाँको दाबी छ ।

उजुरी व्यवस्थापन प्रणालीमा सुधार, विज्ञ परामर्श, निजी कानुन व्यवसायीबाट बहस पैरवी, सूचना प्रविधिको प्रयोग विस्तार, अनुसन्धानका नवीन विधि र अनुसन्धान अधिकृतको विशिष्टीकृत क्षमता विकासमार्फत अनुसन्धानको गुणस्तर अभिवृद्धि गरिएको पनि प्रमुख आयुक्त राईले बताउनुभयो ।

विगत पाँच वर्षमा आयोगमा एक लाख ४८ हजार ५०० उजुरी दर्ता भएका छन् । तीमध्ये एक लाख सात हजार ९१५ अर्थात् ७२.८ प्रतिशत फछ्र्योट भएको जनाइएको छ । सो अवधिमा ७०० भन्दा बढी मुद्दा विशेष अदालतमा दायर गरिएको छ । आव २०८१/८२ मा १३७ र चालु आवमा हालसम्म ९४ मुद्दा दायर भएका छन् । राज्यकोषको हानीनोक्सानी क्षतिपूर्तिका लागि पछिल्लो पाँच वर्षमा वार्षिक औसत रु चार अर्बभन्दा बढी बिगो मागदाबी लिइएको आयोगले जनाएको छ ।

आयोगप्रति सर्वसाधारणको विश्वास बढ्दै गएको उल्लेख गर्दै प्रमुख आयुक्त राईले राजनीतिक वा प्रशासनिक जुनसुकै तहका पदाधिकारीविरुद्ध पनि प्रमाणका आधारमा निर्भीकतापूर्वक अभियोजन भइरहेको दाबी गर्नुभयो । सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा समेत आयोगबाट मुद्दा दायर भइरहेका छन् । नेपाल ग्रे-लिष्टबाट बाहिरिनका लागि आवश्यक सुधारात्मक क्रियाकलाप विस्तार गर्ने कार्ययोजनासमेत कार्यान्वयनमा रहेको उहाँले बताउनुभयो ।

आयोगमा उजुरी स¥्या बढ्दो क्रममा रहे पनि तथ्यपरक र गुणस्तरीय उजुरीको कमी रहेको प्रमुख आयुक्त राईले औँल्याउनुभयो । छानबिनका क्रममा सम्बन्धित निकायबाट प्रमाण तथा कागजात समयमै र पूर्ण रूपमा नपाउँदा अनुसन्धान लम्बिने समस्या रहेको उहाँले बताउनुभयो । आयोगका अनुसार सार्वजनिक खरिद तथा निर्माण, बजेट विनियोजन, अनुदान वितरण, गैरकानुनी लाभ-हानि, सार्वजनिक सम्पत्तिको क्षति, घुस-रिसवत, नक्कली शैक्षिक प्रमाणपत्र, राजस्व चुहावट र गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी उजुरी बढी छन् ।

बहुवर्षीय आयोजनामा न्यून बजेट, पूर्वसम्भाव्यता अध्ययन बिना विनियोजन, मापदण्ड नपुगेका आयोजनामा स्रोत सुनिश्चितता, अबण्डा रकम राखेर वर्षबीच बाँडफाँट गर्ने प्रवृत्ति वित्तीय अनुशासनविरुद्ध रहेको आयोगको निष्कर्ष छ । आयोजना बैंकमा कानुनी प्रक्रिया पूरा भएका आयोजना मात्र प्रविष्ट गर्ने र सोही आधारमा बजेट विनियोजन गर्न तीनै तहका सरकार गम्भीर हुनुपर्ने राईले बताउनुभयो ।

खरिद योजनाबिना खरिद, प्रतिस्पर्धा सीमित गर्ने, सोझै खरिद, मेडिकल उपकरण र सूचना प्रविधि सामग्री खरिदमा पूर्वाधारबिना ठूलो लगानी, सञ्चालन योजना नबनाई संरचना निर्माण र प्रयोगविहीन सामग्री थन्क्याउने जस्ता गम्भीर विकृति बढ्दै गएको पनि उहाँले बताउनुभयो । त्यस्तै, ठेक्का व्यवस्थापनमा म्याद थप, निर्देशन अभाव र अभिलेख कमजोरीका कारण राज्यले क्षतिपूर्ति दाबीमा ठूलो नोक्सानी बेहोर्नुपरेको औँल्याउँदै सम्बन्धित पदाधिकारीलाई कानुनी जिम्मेवारीमा ल्याउनुपर्ने प्रमुख आयुक्त राईको भनाइ छ । नदीजन्य पदार्थ, खानी तथा खनिज उत्खननमा मापदण्ड उल्लङ्घन, राजस्व नउठाउने प्रवृत्ति बढेको पनि आयोगको निष्कर्ष छ ।

त्यस्तै, भन्सार मूल्यांकन वास्तविक कारोबार मूल्यमा आधारित नभएको, न्यून विजकीकरण, चोरी पैठारी, अवैध छुटजस्ता कारण राजस्व प्रशासनमा विकृति बढेको राईले बताउनुभयो । भूमि प्रशासनमा सरकारी, सार्वजनिक र वन क्षेत्रको जग्गा न्यून मूल्यमा दीर्घकालीन लिज, अतिक्रमण, हदबन्दी कार्यान्वयन नहुने, गैरकानुनी दाखिल-खारेजजस्ता समस्या देखिएको आयोगले जनाएको छ । यातायात, मालपोत, नापी, राहदानी, वैदेशिक रोजगार र अध्यागमन क्षेत्रमा अझै व्यापक गुनासो रहेको र तीसम्बन्धी उजुरी बढ्दो रहेको आयोगले जनाएको छ ।

आयोगले विभिन्न १२ विषयक्षेत्र र २४ मन्त्रालय/निकायलाई ४२८ सुझाव दिएकोमा ती सुझाव कार्यान्वयन सन्तोषजनक नरहेको र उही प्रकृतिका कसुर दोहोरिइरहेको पनि प्रमुख आयुक्त राईको भनाइ छ । "आयोगले दिएका सुझावहरूको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको छैन । बर्सेनि उही प्रकृतिको कसुर र विकृतिहरू दोहोरिरहेका देखिएका छन् । आयोगका सुझावहरूले विकास निर्माण र बजेट कार्यान्वयनमा बाधा पुर्‍याएको भनी जिम्मेवार पदाधिकारीबाट सार्वजनिक टिप्पणी हुने गरेको छ । तर कार्यसम्पादनका क्रममा भएका कमी कमजोरी सच्याउन कानुनी व्यवस्थाहरू पुनःस्मरण गराउने उद्देश्यले दिइएका सुझावहरूबाट विकासमा बाधा पुग्ने होइन, बरु सुशासन कायम गरी विकासलाई थप नतिजामुखी बनाउन सकिन्छ", उहाँले भन्नुभयो, "विधायिकाले निर्माण गरेको कानुनको परिपालना नगर्ने अनि आयोगले सुझाव दिँदा विकासमा बाधा भयो भन्ने भाष्य निर्माण गर्ने प्रवृत्तिको अन्त्य गर्नै पर्दछ । कानुन बनाएपछि त्यसको परिपालना गर्नुपर्छ; परिपालना नगर्ने हो भने कानुन नै बनाउनुहुँदैन । यदि कुनै कानुनले विकासमा बाधा पुर्‍याएको छ भने विधायिकाबाट संशोधन गर्न सकिन्छ ।"रासस

# विज्ञानमा महिला तथा बालिकाको सहभागिता बढाउनुपर्नेमा जोड

काठमाण्डु ।बुधबार विज्ञानमा महिला तथा बालिकाहरूको अन्तरराष्ट्रिय दिवस हो । महिला तथा बालिकाहरूलाई विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणितसम्बन्धी क्षेत्रमा समान पहुँच र सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिँद यो दिवस विश्वका विभिन्न देशमा मनाइँदै छ ।

संयुक्त राष्ट्रसङ्घले २२ डिसेम्बर २०१५ मा प्रस्ताव पारित गर्दै प्रत्येक वर्ष फेब्रुअरी ११ लाई यो दिवसका रूपमा मनाउने निर्णय गरेअनुरुप सन् २०१६ देखि यो दिवस मनाउन प्रारम्भ भएको हो ।

विश्वभर विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणितसम्बन्धी सबै तहका विषयहरूमा लामो समयदेखि लैङ्गिक असमानता रहँदै आएको छ । महिलाहरूले उच्च शिक्षामा सहभागिता विस्तार गर्ने दिशामा उल्लेखनीय प्रगति गरे तापनि यी क्षेत्रहरूमा उनीहरूको प्रतिनिधित्व अझै पनि न्यून छ ।

लैङ्गिक समानता संयुक्त राष्ट्रसङ्घको प्रमुख 'एजेन्डा'मध्ये एक रहँदै आएको छ । महिला तथा बालिकाहरूको सशक्तीकरण र लैङ्गिक समानताले विश्वको आर्थिक विकासमा मात्र नभई दिगो विकासका लागि २०३० कार्यसूचीअन्तर्गतका सबै लक्ष्य तथा उद्देश्य हासिल गर्न महत्वपूर्ण योगदान पुर्‍याउने उक्त विश्व संस्थाले बताउँदै आएको छ ।

महिलासम्बन्धी राष्ट्रसङ्घीय आयोगले सन् २०११ मार्च १४ मा सम्पन्न आफ्नो पचपन्नौँ अधिवेशनमा शिक्षा, तालिम तथा विज्ञान र प्रविधिमा महिला तथा बालिकाहरूको पहुँच र सहभागिता विस्तार तथा पूर्ण रोजगारी र सम्मानजनक काममा महिलाको समान पहुँच प्रवर्द्धन गर्ने विषयमा सहमत निष्कर्षसहितको प्रतिवेदन पारित गरेको थियो । त्यसैगरी, सन् २०१३ डिसेम्बर २० मा महासभाले विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी प्रस्ताव पारित गर्दै सबै उमेर समूहका महिला तथा बालिकाहरूलाई विज्ञान, प्रविधि र नवप्रवर्तनमा पूर्ण तथा समान पहुँच र सहभागिता सुनिश्चित गर्नु लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि अपरिहार्य भएको बताएको थियो । रासस



## निर्वाचन आयोग, नेपाल

### प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ सम्बन्धी सूचना

यही मिति २०८२/११/२१ गते हुन गईरहेको प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वतन्त्र, निष्पक्ष, पारदर्शि, मितव्ययी, भय रहित र स्वच्छ वातावरणमा सम्पन्न गर्नका लागि निर्वाचन आचारसंहिता, २०८२ र प्रतिनिधि सभा सदस्य निर्वाचन प्रचार प्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ तथा सवारी साधनको अनुमति सम्बन्धी कार्यविधि, २०८२ को पूर्ण रुपमा पालना गर्न गराउन राजनितिक दल वा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिहरुलाई सूचित गरिन्छ ।

उपर्युक्त कार्यविधिहरु निर्वाचन आयोगको Website: election.gov.np मा हेर्न र Download गर्न सकिने छ ।

**निर्वाचन आचारसंहिता**
अनुगमन अधिकृत, सर्लाही



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# आचार संहिताको उल्लंघन

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रचार प्रसारका लागि निर्वाचन आयोगले फागुन ४ गतेदेखिको समय निर्धारण गरेको छ। उम्मेदवारहरुले त्यस अघि घरदैलो लगायतका कार्यक्रमहरु गर्ने भनिएको छ । बिना पर्चा पोस्टरको मतदाताहरुसित भेंटघाट गर्ने जस्ता कार्यक्रमहरु मात्र गर्ने निर्वाचन आयोगले स्वीकृति दिएको छ । तर देशैभरिका उम्मदेवारहरुले चुनावको प्रचार प्रसारलाई व्यापक बनाइसकेका छन् । पर्चा पोस्टर र पम्पलेट लगायतका सामग्रीहरु उम्मेदवार हरुले वितरण गरिरहेका छन् । लाउडस्पिकर, साउण्डबक्स र डिजे लगायतका ध्वनि प्रदूषण फैलाउने यन्त्रहरुको प्रयोग सुरु भइसकेको छ । निर्वाचन आयोगले रोक लगाए पनि रोड शो, पब्लिक मिटिंग लगायतका कार्यक्रमहरु भइरहेका छन् । हुनत कतिपय स्थानमा निर्वाचन आयोगले कार्यक्रमहरुमा रोक पनि लगाएको छ । तर आयोगको निर्देशनलाई अटेर गर्दै उम्मेदवार हरुले प्रचार प्रसारलाई जारी राखेका छन् । आयोगले खर्चको सीमा निर्धारण गरेको छ । सवारी साधनको संख्या पनि किटान गरिएको छ । भोजभतेर लगायतमा रोक लगाइएको छ । तर कुनै यस्ता गतिविधि रोकिएको छैन् । आचार संहिताको खुल्लेआम उम्मेदवारहरुले उल्लंघन गरिरहेका छन् । उनीहरुले आयोगको आचार संहितालाई पूर्ण रुपमा पालना गर्नुपर्ने हो । आयोगले आचार संहितालाई उम्मेदवारहरुले पालना गरे नगरेको अनुगमन गर्न हरेक जिल्लामा सहायक जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरिएको छ । चुनावलाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण रुपमा संम्पन्न गर्न आचार संहिताको पूर्ण पालना हुनु आवश्यक छ । आयोगले निर्धारण गरेका मापदण्ड विपरीत कार्य गर्ने उम्मेदवारको उम्मेदवारी समेत रद्द हुन सक्ने कानुनी प्रावधान छ । आयोगले उम्मेदवारहरुका लागि जारी गरेको आचार संहितालाई कार्यान्वयन गर्ने जिम्मेवारी दल र उम्मेदवारहरुको हो । आचार संहिता विपरीत कार्य गर्ने उम्मेदवार हरुलाई आयोगले कारवाही गर्न आवश्यक छ । निर्वाचन आयोगले आचार संहिता पालना भए नभएको नियमित रुपमा अनुगमन गर्नुपर्छ । आचारसंहिता विपरित कार्य गर्नेहरुलाई कारवाही गरिए अन्य उम्मेदवारहरुले त्यसको पालना गर्नेछन् । कुनै दलका अथवा स्वतन्त्र उम्मेदवार होस्, आचार संहिताको पालना गर्नैपर्छ । हुनत आचार संहितालाई छलेर उम्मेदवारहरुले खर्च गर्ने, सवारी साधन कुदाउने, भेला र जुलुस गर्ने लगायतका कार्यहरु गरिरहन्छन् । आयोगले निर्धारण गरेको विपरीतका पर्चा पोष्टरहरु छ्याप्पछ्याप्ती हुने गर्छ । आयोगले प्रचार सामग्रीको आकार समेत निर्धारण गरेको छ । त्यो भन्दा बाहिर जाने उम्मेदवार आचार संहिता उल्लंघनको कारवाहीमा पर्नुपर्छ । आचार संहिताको पालना जति कडाईका साथ भए त्यती नै चुनाव स्वतन्त्र र निष्पक्ष रुपमा सम्पन्न हुनेछ । निर्वाचनमा हुने अदृश्य खर्चहरु रोक्न आयोग गम्भीर हुनुपर्छ । हुनत नीति निर्माण गर्ने स्थल (प्रतिनिधि सभा) को चुनावमा सहभागी उम्मेदवारहरुले आचार संहिताप्रति पूर्ण निष्ठावान हुनुपर्छ । उनीहरु नैतिक रुपमा बलियो देखिनु पर्छ । निर्वाचन आयोगले भने आचार संहिताको उल्लंघन हुन नदिन अझै सक्रियता बढाउनु पर्ने देखिन्छ ।

# मधेस, सीमा अर्थराजनीति र आन्दोलनको पुनरावृत्ति : तथ्य र विश्लेषण



विरेन्द्र ठाकुर

नेपालको राजनीतिक इतिहासमा शासन प्रणाली परिवर्तनका श्रृंखला उल्लेखनीय छन् । राणाशासन, पञ्चायत, बहुदलीय प्रजातन्त्र, लोकतन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म। २०७२ सालको संविधानमार्फत संघीय संरचना संस्थागत भए पनि राजनीतिक अस्थिरता, सामाजिक असन्तोष र आन्दोलनको पुनरावृत्ति रोकिएको देखिँदैन। विशेषतः तराई मधेस क्षेत्रमा सामाजिक आर्थिक, सुरक्षा र राजनीतिक आयाम एकआपसमा गाँसिएका जटिल प्रश्नहरू अझै समाधानोन्मुख हुन सकेका छैनन्।

**खुला सीमा, मदिरा नीति र अनौपचारिक अर्थतन्त्र**

नेपाल भारतबीच करिब १,८८० किलोमिटर खुला सीमा रहेको छ, जसको ठूलो भाग मधेस प्रदेशसँग जोडिएको छ। भारतको बिहार राज्यले सन् २०१६ मा पूर्ण मदिरा निषेध नीति लागू गरेपछि सीमावर्ती क्षेत्रमा अनौपचारिक मदिरा व्यापार र सीमापार आवतजावतको स्वरूपमा परिवर्तन आएको विभिन्न सञ्चार प्रतिवेदन र सुरक्षा निकायका सूचनाले देखाएका छन्।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले प्रत्येक वर्ष हजारौँ लिटर अवैध मदिरा र लागूऔषध बरामद गर्ने गरेका छन्। गृह मन्त्रालयका वार्षिक प्रतिवेदनअनुसार पछिल्ला वर्षहरूमा लागूऔषधसम्बन्धी मुद्दाको संख्या निरन्तर वृद्धि भएको प्रवृत्ति देखिन्छ। उदाहरणका रूपमा, आर्थिक वर्ष २०७९/८० मा मात्रै लागूऔषधसम्बन्धी ५ हजारभन्दा बढी मुद्दा दर्ता भएको उल्लेख छ, जसमा ठूलो हिस्सा तराई मधेसका जिल्लाबाट रहेको जनाइएको छ।

यद्यपि, विशेषज्ञहरूका अनुसार बरामद मात्रा वास्तविक कारोबारको सानो अंश मात्र हुन सक्छ। यसले सीमा व्यवस्थापन, समन्वय र प्रविधिमैत्री निगरानीको आवश्यकता औंल्याउँछ।

**युवा जनसंख्या, वैदेशिक रोजगारी र सामाजिक जोखिम**

नेपाल राष्ट्र बैंकका तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७९/८० मा करिब १२ खर्ब रुपैयाँभन्दा बढी विप्रेषण भित्रिएको छ, जुन देशको कुल गार्हस्थ्य उत्पादन (न्मए) को करिब एकचौथाइ बराबर हो। मधेस प्रदेश वैदेशिक रोजगारीमा जाने श्रमिकको प्रमुख स्रोत क्षेत्रमध्ये एक मानिन्छ।

केन्द्रीय तथ्याङ्क विभाग (हाल राष्ट्रिय तथ्याङ्क कार्यालय) को जनगणना २०७८ अनुसार मधेस प्रदेशमा युवा (१५-३५ वर्ष) जनसंख्या उल्लेख्य अनुपातमा रहेको छ। तर यही जनसंख्यामा बेरोजगारी दर पनि उच्च छ। श्रमशक्ति सर्वेक्षणले युवा बेरोजगारी राष्ट्रिय औसतभन्दा माथि रहेको देखाएको छ।

सामाजिक अनुसन्धानहरूले देखाएका छन् कि बेरोजगारी, पारिवारिक विखण्डन (विदेश रोजगारीका कारण) र सहरीकरणको तीव्रता कुलत र असामाजिक गतिविधितर्फ आकर्षणका कारक बन्न सक्छन्। संयुक्त राष्ट्रसंघीय लागूऔषध तथा अपराध कार्यालय (ग्लइम्ऋ) का अध्ययनहरूमा पनि सीमावर्ती क्षेत्रहरूमा लागूऔषध कारोबारको जोखिम उच्च हुने उल्लेख छ।

**लागूऔषध दुरूपयोग : स्वास्थ्य र सुरक्षा दुवै चुनौती**

नेपालमा लागूऔषध प्रयोगकर्ताको यकिन संख्या समय समयमा फरक देखिए पनि सरकारी तथा गैरसरकारी अध्ययनहरूले प्रयोगकर्ताको संख्या पछिल्ला दशकमा वृद्धि भएको संकेत दिएका छन्। लागूऔषध दुरुपयोग केवल आपराधिक मुद्दा मात्र होइन, सार्वजनिक स्वास्थ्यको प्रश्न पनि हो।

विश्व स्वास्थ्य संगठन (ध्ज्इ) ले पदार्थ दुरुपयोगलाई मानसिक स्वास्थ्य, पारिवारिक हिंसा, उत्पादकत्व ह्रास र अपराधसँग प्रत्यक्ष जोडेको छ। मधेस क्षेत्रमा पुनर्स्थापना केन्द्रहरूको संख्या बढ्दो भए पनि ती केन्द्रहरूको नियमन, गुणस्तर र पहुँचमा असमानता देखिन्छ।

केवल दमनात्मक कारबाही पर्याप्त हुँदैन; रोकथाम, परामर्श, पुनर्स्थापना र सामाजिक पुनःएकीकरणलाई सँगसँगै अघि बढाउनुपर्छ।

**आन्दोलन, आयोग र कार्यान्वयनको अभाव**

मधेस आन्दोलनहरू (२०६३/६४, २०७२/७३ लगायत) ले संघीयता, समानुपातिक प्रतिनिधित्व र सीमांकनका प्रश्नलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याए। संविधानमा समावेशी प्रतिनिधित्व, प्रदेश संरचना र स्थानीय तहको अधिकार सुनिश्चित गरिनु ती आन्दोलनहरूको उपलब्धि मानिन्छ।

तर विगतमा गठित विभिन्न छानबिन आयोग र वार्ता समितिका सिफारिसहरूको पूर्ण कार्यान्वयन हुन नसक्दा जनविश्वास कमजोर भएको देखिन्छ। राजनीतिक अस्थिरता २०७२ यता पटक पटक सरकार परिवर्तन ले दीर्घकालीन नीतिगत निरन्तरता अवरुद्ध गरेको तथ्य पनि स्पष्ट छ।

राजनीतिक विज्ञानका अध्ययनहरूले देखाउँछन् कि जब संस्थागत सुधारभन्दा आन्दोलन केन्द्रित राजनीति हावी हुन्छ, तब नीति कार्यान्वयन कमजोर हुन्छ र असन्तोष चक्राकार रूपमा दोहोरिन्छ।

यथास्थितिवाद, पपुलिज्म र मतदाताको भूमिका



लोकतान्त्रिक समाजमा दुई खाले जोखिम देखिन्छ यथास्थितिवाद (कतबतगक त्रगय दष्बक) र पपुलिज्म। पहिलोले संरचनागत सुधार टार्छ; दोस्रोले जनभावनालाई उत्तेजित गरी अल्पकालीन लोकप्रियता खोज्छ। मधेसजस्तो ऐतिहासिक रूपमा उपेक्षा र संघर्षको अनुभव गरेको भूगोलमा यी दुवै प्रवृत्तिले दीर्घकालीन स्थायित्वमा बाधा पुऱ्याउन सक्छन्।

हामी जनतामा पनि व्यक्तिकेन्द्रित राजनीति गर्ने प्रवृत्ति बलियो छ , चाँडै देवत्वकरण र चाँडै दानवीकरण। लोकतान्त्रिक परिपक्वता भनेको संस्थालाई बलियो बनाउनु, नीतिलाई मूल्याङ्कन गर्नु र नेतृत्वलाई उत्तरदायी बनाउनु हो।

**समाधानको दिशातर्फ**

अनुसन्धान र तथ्याङ्कका आधारमा निम्न उपायहरू प्रभावकारी देखिन्छन्।

सीमा व्यवस्थापनको आधुनिकीकरण : डिजिटल निगरानी, संयुक्त गस्ती र अन्तरदेशीय समन्वय सुदृढीकरण।

युवा रोजगारी कार्यक्रम : कृषि आधारित उद्योग, साना तथा मझौला उद्यम (कःझ्क) प्रवर्द्धन, सीपमूलक शिक्षा विस्तार।

लागूऔषध नियन्त्रणको एकीकृत मोडेल : दमन + पुनर्स्थापना + समुदायमा आधारित सचेतना।


आयोगका सिफारिस कार्यान्वयन : समयबद्ध कार्ययोजना र सार्वजनिक अनुगमन संयन्त्र।

संघीयताको प्रभावकारी अभ्यास : प्रदेश र स्थानीय तहलाई पर्याप्त स्रोत साधन र जवाफदेहिता।

मधेसको प्रश्न केवल सीमापार प्रभावको परिणाम होइन; यो राज्य क्षमता, राजनीतिक इच्छाशक्ति र सामाजिक उत्तरदायित्वको समष्टिगत परिणाम हो। संघीय लोकतान्त्रिक गणतन्त्र संघर्षको उपलब्धि हो यसलाई सुदृढ बनाउने कि कमजोर बनाउने भन्ने निर्णय आजको पुस्ताको हातमा छ।

आन्दोलन लोकतन्त्रको अधिकार हो, तर समाधान संस्थागत सुधारबाट मात्र सम्भव हुन्छ। तथ्य, अनुसन्धान र विवेकमा आधारित राजनीतिक निर्णयमार्फत मात्र मधेस र समग्र नेपाल स्थायित्व र समतामूलक समृद्धिको दिशामा अघि बढ्न सक्छ।

# देशलाई सुपरस्टार नेता होइन, दूरद्रष्टाको खाँचो छ



ज्योतिकिरण

लेखमा नेपालको राजनीतिमा देखिएको समस्याबारे चर्चा गरिएको छ, जसलाई शरीरको प्रतिरक्षा प्रणाली कमजोर हुँदा आउने रोगसँग तुलना गरिएको छ।

राजनीतिमा नैतिकता, विधिको शासन र वैचारिक निष्ठा कमजोर हुँदा भ्रष्टाचार र दण्डहीनता बढ्ने र यसले व्यवस्थालाई धराशायी बनाउने कुरा उल्लेख छ।

निर्वाचनबाट राजनीतिक स्वास्थ्य सुधार गर्न नसकिने र यसका लागि अपराधीकरण तथा भ्रष्टाचारलाई हटाउनुपर्ने कुरा बताइएको छ।

मानव शरीर र राज्य व्यवस्थाबिच एउटा गहिरो समानता छ । दुवैलाई जीवित र गतिशील राख्न बलियो प्रतिरक्षा प्रणाली आवश्यक पर्छ । चिकित्सा विज्ञानमा जब शरीरको प्रतिरक्षा प्रणालीले बाह्य भाइरस चिन्न छोड्छ वा आफ्नै स्वस्थ कोशिकालाई शत्रु ठानेर नष्ट गर्न थाल्छ, त्यसलाई ‘अटो-इम्युन डिजिज’ भनिन्छ ।

आज नेपालको राजनीति ठ्याक्कै यही ऐँजेरुले ग्रस्त छ । अन्तरिम सरकारको प्रधानमन्त्री सुशीला कार्कीले पहिलो पल्ट माघ १९ गते सोमबार सङ्घीय संसद् पुगेर राष्ट्रिय सभालाई सम्बोधन गर्दै देशलाई लागेको यही रोगबारे प्रस्ट पार्ने प्रयत्न पनि गरिन् । तोकिएको मितिमा स्वच्छ, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकारलाई शक्ति सुम्पन आफ्नो सरकार आतुर रहेको सदनलाई बताइन् ।

आफू प्रधानमन्त्री बन्नुको बाध्यात्मक अवस्था र मुलुकको जटिलतालाई आफ्नै शैलीमा बयान गरेकी प्रधानमन्त्री कार्कीले मुलुक अप्ठ्यारो अवस्थाबाट गुज्रिरहेको कुराबारे बहुकोणबाट स्पष्ट सन्देश पनि दिइन । सरकारको भूमिकामा रहेर उनले गर्नुपर्ने र भन्नुपर्ने कुरा त्यही नै हो । तर के निर्वाचनबाट प्राप्त परिणामले देशको रोग निको हुन्छ ? मुख्य प्रश्नको उत्तर अझै अमूर्त छ । यो अमूर्त उत्तरलाई मूर्त रूपमा रूपान्तरित गर्ने दायित्व निर्वाचनका मतदाताहरूकै काँधमा छ ।

शरीरमा ‘एन्टीबडी’ को काम बाह्य सङ्क्रमणलाई रोक्नु हो भने जस्तै राजनीतिमा नैतिकता, विधिको शासन र वैचारिक निष्ठा राजनीतिक एन्टीबडी हुन् । जब राजनीतिमा यी तत्त्वहरू क्षयीकरण हुन्छन्, तब समाजमा भ्रष्टाचार र दण्डहीनता जस्ता भाइरसहरूले सहजै प्रवेश पाउँछन् । अहिले नेपालको राजनीतिमा यी एन्टीबडीहरू यति कमजोर भएका छन् कि जसले संविधान र कानुनको रक्षा गर्नुपर्ने हो, उनीहरू नै त्यसको भक्षणमा तल्लीन छन् ।

जब राजनीतिक दलहरूले जनताको हितलाई छोडेर

> इतिहास साक्षी छ- संसारले त्यतिबेला मात्रै गति लिएको छ, जब नेतृत्वले लोकप्रिय हुने लोभ त्यागेर लोकहितको बाटो रोज्न सक्यो । विश्व चर्चित नेता विन्स्टन चर्चिलले भनेका छन्, “लोकतान्त्रिक राजनीतिमा नेतृत्वको परीक्षा उसले गर्ने भाषणमा होइन, उसले निर्माण गर्ने पद्धतिमा हुन्छ ।” अमेरिका गृहयुद्धले थिलथिलो भएको बेला अब्राहम लिङ्कनले कहिल्यै सस्तो नारा दिएनन् ।

केवल सत्ताको अङ्कगणितलाई मलजल गर्छन्, तब व्यवस्था नै धराशायी हुन्छ । आज देशको राजनीति ठिक यही अवस्थाबाट गुज्रिरहेको छ ।

चिकित्साशास्त्रमा सबैभन्दा खतरनाक स्थिति तब हुन्छ जब शरीरको रक्षक नै भक्षक बन्छ । नेपालको राजनीतिक सन्दर्भमा संवैधानिक अङ्गहरू यसमा पर्छन्, जुन अङ्गहरूले राज्यको सन्तुलन मिलाउनुपर्ने हो तर तीनै अङ्ग दलीय स्वार्थको इन्जेक्सनमा लट्ठिएका छन् । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबिचको सन्तुलन बिग्रनु भनेको शरीरका महत्त्वपूर्ण अङ्गहरू मिर्गौला, मुटु र फोक्सोले एकअर्कालाई सहयोग गर्न छोड्नु जस्तै हो ।

जब राजनीतिक दलहरूले जनताको हितलाई छोडेर केवल सत्ताको अङ्कगणितलाई मलजल गर्छन्, तब व्यवस्था नै धराशायी हुन्छ । आज देशको राजनीति ठिक यही अवस्थाबाट गुज्रिरहेको छ ।

जसरी शरीरमा लामो समयसम्म सङ्क्रमण रहिरह्यो भने त्यसले अङ्गहरूलाई स्थायी रूपमा क्षति पुऱ्याउँछ त्यस्तै नेपालको राजनीतिमा भ्रष्टाचार र अस्थिरता एउटा यस्तै ‘क्रोनिक इन्फ्लामेसन’ हो । बारम्बार फेरिने सरकार, अप्राकृतिक गठबन्धन र नीतिगत विचलनले देशको अर्थतन्त्र र प्रशासन संयन्त्रलाई ‘मल्टी-अर्गन फेलियर’ रोगी जस्तै बनाई दिएको छ । जसरी कमजोर प्रतिरक्षा प्रणाली भएको मानिसलाई सामान्य रुघाखोकीले पनि थला पार्छ, त्यसैगरी कमजोर राजनीतिक चरित्र भएको राष्ट्रलाई सामान्य बाह्य दबाब वा आन्तरिक कलहले पनि अस्थिर बनाइदिन्छ ।

जसरी शरीरको प्रतिरक्षा प्रणालीले बाह्य भाइरससँग लड्ने शक्ति दिन्छ ठिक त्यसैगरी, राजनीतिको प्रतिरक्षा प्रणालीले समाजलाई अराजकता, फुट र सस्तो लोकप्रियतावादबाट जोगाउँछ ।

यो बिग्रिएको राजनीतिक स्वास्थ्यलाई सुधार्न सतही सुधारले पुग्दैन । यसका लागि अपराधीकरण र भ्रष्टाचारको विषाक्त जालोलाई राजनीतिबाट पूर्ण रूपमा विस्थापित गर्ने, युवा पुस्ता र वैचारिक स्पष्टता भएका व्यक्तिहरूलाई नेतृत्वको अग्रपङ्क्तिमा ल्याउने, शरीरको डीएनएले जस्तै संविधानले निर्दिष्ट गरेको बाटोमा हिँड्ने अनुशासन कायम गर्ने जस्ता गम्भीर शल्यक्रिया र इम्युनोथेरापी यही निर्वाचनमार्फत गर्न आवश्यक छ ।

जसरी शरीरको प्रतिरक्षा प्रणालीले बाह्य भाइरससँग लड्ने शक्ति दिन्छ ठिक त्यसैगरी, राजनीतिको प्रतिरक्षा प्रणालीले समाजलाई अराजकता, फुट र सस्तो लोकप्रियतावादबाट जोगाउँछ । जब यो प्रणाली कमजोर हुन्छ, तब लोकप्रियतावादको भाइरसले राज्यका अङ्गहरूलाई बिस्तारै गलाउन थाल्छ । हाम्रो देशको राजनीति आज ठिक यही लोकप्रियतावादी घातक इन्फेक्सनबाट ग्रसित भएको आभास हुन्छ ।

लोकप्रियतावाद सुन्दा जनताको पक्षमा जस्तो लागे पनि यो वास्तवमा लोकतन्त्रको ‘अटो-इम्युन डिजिज’ हो । यसले जटिल समस्याहरूको अत्यन्तै सतही र सस्तो समाधान देखाएर निरन्तर ब्ल्याकमेल गरिरहन्छ । लोकप्रियवादी नेताहरूले जनताको आर्थिक अभाव र आक्रोशलाई पुँजीकृत गर्छन् । उनीहरू ‘हामी’ र ‘उनीहरू’ बिचको खाडल खनेर समाजलाई ध्रुवीकृत गर्छन् । अहिले ‘हामी’ र ‘उनीहरू’ को ठाउँमा ‘नयाँ’ र ‘पुरानो’ को वर्गभेद चलिरहेको छ । जब कुनै नेताले आफूलाई कानुन र पद्धतिभन्दा माथि राखेर ‘म तिम्रो मुक्तिदाता हुँ’ भन्न थाल्छ, त्यहाँबाट पद्धतिको विनाश सुरु हुन्छ । आज हरेक मतदाताले पद्धतिको विनाशमा को उद्धत छ ? छुट्ट्याउन सक्नु पर्नेछ ।

इतिहास साक्षी छ- संसारले त्यतिबेला मात्रै गति लिएको छ, जब नेतृत्वले लोकप्रिय हुने लोभ त्यागेर लोकहितको बाटो रोज्न सक्यो । विश्व चर्चित नेता विन्स्टन चर्चिलले भनेका छन्, ‘लोकतान्त्रिक राजनीतिमा नेतृत्वको परीक्षा उसले गर्ने भाषणमा होइन, उसले निर्माण गर्ने पद्धतिमा हुन्छ ।’ अमेरिका गृहयुद्धले थिलथिलो भएको बेला अब्राहम लिङ्कनले कहिल्यै सस्तो नारा दिएनन् ।

नेपालको राजनीति अहिले आइसीयूमा त छैन, तर यसको प्रतिरक्षा प्रणाली पूर्ण रूपमा ध्वस्त हुने सङ्घारमा छ । यदि बेलैमा राजनीतिक कोशिकाहरूमा नैतिकताको पुनर्जीवन गरिएन भने, यो अटो-इम्युन रोगले राष्ट्रको अस्तित्व नै सङ्कटमा पार्न सक्छ ।

उनले ‘विभाजित घर टिक्न सक्दैन’ भन्दै राष्ट्रिय एकताका लागि कठोर र अलोकप्रिय निर्णयहरू लिए । २७ वर्षको जेल जीवनपछि निस्किँदा नेल्सन मण्डेलाले प्रतिशोधको राजनीति गर्न सक्थे, जुन तत्कालीन समयमा निकै लोकप्रिय पनि हुन्थ्यो । तर, उनले सत्य र मेलमिलापको बाटो रोजेर दक्षिण अफ्रिकाको राजनीतिक प्रतिरक्षा प्रणालीलाई बलियो बनाए ।

नेपाली सन्दर्भमा राजा महेन्द्र, बीपी कोइराला, पुष्पलाल त्यस्ता चिन्तक थिए, जसले भीड र जनताबिचको फरक बुझेका थिए । उनीहरूले कहिल्यै सस्तो लोकप्रियताका लागि सिद्धान्त बेचबिखन गरेनन् । यसपटकको निर्वाचनमा जनताले इतिहासको यस्तो आँखीझ्यालमा पनि नजर लगाउन सक्नुपर्छ ।

नेपालको राजनीति अहिले आइसीयूमा त छैन, तर यसको प्रतिरक्षा प्रणाली पूर्ण रूपमा ध्वस्त हुने सङ्घारमा छ । यदि बेलैमा राजनीतिक कोशिकाहरूमा नैतिकताको पुनर्जीवन गरिएन भने, यो अटो-इम्युन रोगले राष्ट्रको अस्तित्व नै सङ्कटमा पार्न सक्छ । स्वास्थ्य र राजनीति दुवैमा एउटै सत्य लागू हुन्छ- भित्रैबाट बलियो नभएसम्म बाहिरको ओखतीले मात्र जीवन धान्न सकिँदैन ।

राजनीतिको बिग्रिएको प्रतिरक्षा प्रणाली सुधार्न एन्टीबायोटिकले मात्र काम गर्दैन, यसका लागि संवैधानिक नैतिकताको पुनर्जागरण आवश्यक छ । हामीलाई यस्तो नेतृत्व चाहिएको छ, जसले आगामी निर्वाचन मात्र होइन, आगामी पुस्ताको भविष्य देख्न सकोस् । लोकप्रियतावादले क्षणिक ताली त दिन्छ, तर इतिहासले उसलाई मात्र सम्झन्छ, जसले कठिन समयमा सही र न्यायपूर्ण बाटो हिँड्ने साहस गर्छ ।

देशलाई आज सुपरस्टार नेताको होइन, प्रणाली स्थापित गर्ने दूरद्रष्टाको खाँचो छ । यो पटकको निर्वाचनले दिएको नागरिक दायित्व पनि यही नै हो ।रातोपाटी

# आर्थिक लाभ नदिने 'खुद्रे तथा टुक्रे' आयोजनामात्र रोकिएको हो : अर्थमन्त्री खनाल



काठमाण्डु । अर्थमन्त्री रामेश्वरप्रसाद खनालले विकास निर्माण आयोजना स्थगन गरिएको विषयमा स्पष्ट पार्दै तयारी नै नभएका तथा समष्टिगत रूपमा तत्काल आर्थिक लाभ नदिने 'खुद्रे तथा टुक्रे' आयोजनामात्र रोकिएको बताउनुभएको छ ।

राष्ट्रियसभाको बुधबारको बैठकमा नेपाल कम्युनिष्ट पार्टीका सांसद भुवनबहादुर सुनुवारको प्रश्नको जवाफ दिँदै उहाँले बजेटीय दबाब र प्राथमिकता पुनसंरचनाका कारण यस्तो निर्णय गर्नुपरेको स्पष्ट पार्नुभयो ।

उहाँले आन्दोलनबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, सार्वजनिक सेवा पुनःसञ्चालन, राष्ट्रियसभा र प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्न आवश्यक स्रोतको व्यवस्थापन, चालु तथा महत्वपूर्ण आयोजनामा कम विनियोजनका कारण सिर्जित दायित्व भुक्तानी, आर्थिक पुनरुत्थान तथा घाइते र सहिद परिवारलाई राहत उपलब्ध गराउने दायित्वले बजेटमा चाप परेको सभालाई जानकारी दिनुभयो ।

मन्त्री खनालले डिजाइन, स्टिमेट तथा टेन्डर प्रक्रियामा गइसकेका वा उपभोक्ता समितिसँग सम्झौता भई क्रमागत रूपमा अघि बढिरहेका आयोजना सम्बन्धित मन्त्रालयबाट पुष्टि गरी क्रमश फुकुवा गर्दै लगिएको र धेरै आयोजनाको रकम फुकुवा भइसकेको जानकारी समेत दिनुभयो ।मन्त्रिपरिषद्को २०८२ असोज ५ को निर्णयअनुसार तयारी नभएका, खरिद प्रक्रियामा नपुगेका र तत्काल प्रतिफल नदिने आयोजना मात्र स्थगन गर्ने निर्णय गरेको थियो ।

दलित अधिकारसम्बन्धी विधेयक एक महिनाभित्र मन्त्रिपरिषद्मा लैजाने तयारी

संविधानको धारा ४० बमोजिम दलित समुदायको हक कार्यान्वयन गर्न दलितको हक, अधिकार तथा विकाससम्बन्धी विधेयकको मस्यौदा निर्माण प्रक्रिया तीव्र पारिएको मन्त्री खनालले बताउनुभयो ।२०८२ पुस २८ गते मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति प्राप्त भइसकेको उक्त विधेयक आगामी अधिवेशनमा सङ्घीय संसद्मा पेस गर्ने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो ।

नेपाल कानुन आयोगसँग प्रारम्भिक मौखिक परामर्शपछि आज औपचारिक पत्राचार गरिएको उहाँले जानकारी दिनुभयो । मन्त्री खनालले आगामी २१ दिनभित्र मस्यौदा तयारी, सार्वजनिक परामर्श (करिब सात दिन) तथा आवश्यक प्रक्रिया पूरा गरी एक महिनाभित्र मन्त्रिपरिषद्सम्म पुऱ्याउने तयारी रहेको बताउनुभयो ।उहाँले यो अत्यन्त महत्वपूर्ण विधेयक भएको उल्लेख गर्दै सरकारको कार्यअवधिरहँदैयसलाईनिष्कर्षमा पुऱ्याउने लक्ष्य लिएको भनाइ राख्नुभयो ।रासस

# उपराष्ट्रपति यादव स्वागत समारोहमा सरिक




काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादव जापानका सम्राट नारुहितोको ६६औँ शुभजन्मोत्सव तथा नेपाल-जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० औँ बर्षगाँठका अवसरमा यहाँस्थित जापानी दूतावासले आयोजना स्वागत समारोहमा सरिक हुनुभयो ।

त्यस अवसरमा नेपालका लागि जापानी राजदूत मेइदा तोरुले त्यहाँ पुग्नुभएका आमन्त्रित पाहुनालाई स्वागत गर्दै नेपाल र जापानबीच रही आएको न्यानो र मित्रवत् सम्बन्ध आगामी दिनमा थप प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो । जापानी सम्राटको ६६औँ जन्मोत्सव यही फ्रेबुअरी २३ गते भव्य रुपमा मनाइँदैछ ।

उहाँले भन्नुभयो, "यो वर्ष हाम्रा लागि ठूलो महत्वको वर्ष रह्यो, नेपाल-जापानबीच दौत्य सम्बन्धको ७० वर्षको उपलक्ष्यमा राष्ट्रपति रामचन्द्र पौडेलको चारदिने जापान भ्रमण भएको छ ।"

जापानका सम्राट, सम्राज्ञी र प्रधानमन्त्रीसँग राष्ट्रपति पौडेलको भेटवार्ताबाट दुई देशबीचको सम्बन्ध थप विस्तारमा योगदान पुगेको बताउँदै राजदूत तोरुले यस्ता भ्रमण आदानप्रदानले सन् १८९९ देखिको सुरु भएको जनस्तरको सम्बन्धसमेत सुदृढ हुँदै गएको बताउनुभयो ।

जापानी चिकित्सकले तानसेनमा सन् १९६० अस्पताल खोल्नुभएको र त्यसक्षेत्रमा टिबीरोगबाट आमाबाबु बितेका १२ जना बालबालिकालाई पालनपोषण गरी संरक्षण प्रदान गर्नुभएको जनस्तरको सम्बन्ध र योगदानको पनि राजदूत तोरुले उल्लेख गर्नुभयो ।

त्यस्तै, एक जापानी प्राध्यापकले हरेक वर्ष केही नेपाली विद्यार्थीलाई जापानमा पढाउने र नेपालमा ल्याइ विभिन्न अनुसन्धान गर्न लगाउने गरेको प्रसङ्ग उल्लेख गर्दै उहाँले व्यक्तिगत तहमा केही जापानी पर्वतारोहीले नेपालका हिमाली क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको बताउनुभयो ।

हाल जापानमा करिब दुई लाख ७० हजारको सङ्ख्यामा रहेका नेपाली अध्ययन, अध्यापन र विभिन्न पेसा व्यवसायमा संलग्न छन् । जापान नेपालको विकासको ठूलो साझेदार मात्र नभई जनस्तरमा समेत गहिरो मित्रता, सद्भाव र सहयोगमा आधारित सम्बन्ध भएको मुलुक हो ।पछिल्लो समय दुई देशबीच व्यापार, लगानी, मानवसंशाधन विकास, स्वास्थ्य, कृषि, पूर्वाधार विकास, वातावरण संरक्षण, संस्कृति र पर्यटनजस्ता क्षेत्रमा आपसीहितलाई अभिवृद्धि गर्ने सहमति भएको छ ।

समारोहमा नेपाल सरकारका मन्त्रीहरु, तात्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी, पूर्वपरराष्ट्रमन्त्री, विभिन्न राजनीतिक दलका नेता, संवैधानिक निकायका प्रमुख, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख, नेपालस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि सहभागी हुनुहुन्थ्यो ।रासस

## देशलाई विकास र सुशासन चाहिएको छ : सभापति लामिछाने



गण्डकी । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले देशमा विकास र सुशासन चाहिएकाले त्यसका लागि आफू नेतृत्वको पार्टी जनतामाझ आएको दाबी गर्नुभएको छ । पोखरामा बुधबार आयोजित रास्वपाको चुनावी कार्यक्रममा उहाँले आगामी निर्वाचनबाट मुलुकले सक्षम नेतृत्व पाउने विश्वास व्यक्त गर्नुभयो ।

सुशासनको एजेण्डासहित निर्वाचनमा होमिएको भन्दै अघिल्लो निर्वाचनको तुलनामा बढी सिट जितेर रास्वपा ससंद्मा पुग्ने उहाँको दाबी थियो । सभापति लामिछानेले न्याय र सुशासनको माग गर्दा सहिद भएका नवयुवाहरूको सपनालाई खेर जान नदिने बताउनुभयो ।

उहाँले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनले मुलुकलाई नयाँ दिशादिर्नेशन गर्ने बताउनुभयो । सुशासन र समृद्धिसहित देशभित्रै रोजगारी सिर्जना गर्न सके युवाको विदेश पलायनलाई रोक्न सकिने सभापति लामिछानेको भनाइ छ ।रासस

# निर्वाचन निष्पक्ष र भयरहित बनाउन सरकारलाई ध्यानाकर्षण



काठमाण्डु । राष्ट्रियसभाको बुधबारको बैठकमा सदस्यहरूले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गराउनुभएको छ । बैठकको शून्य समयमा बोल्दै सांसदहरूले आगामी फागुन २१ गते हुने निर्वाचनका सन्दर्भमा सम्भावित सुरक्षा चुनौतीप्रति गम्भीर बन्न सरकारलाई आग्रह गर्नुभयो ।

सांसद कृष्णबहादुर रोकायाले सुरक्षाकर्मीमाथि भएका आक्रमणका घटनाले निर्वाचनको सुरक्षा व्यवस्थापन र प्रहरीको मनोबलमा नकारात्मक असर पर्नसक्ने भन्दै चिन्ता व्यक्त गर्नुभयो । सांसद पदमबहादुर परियार र विष्णुदेवी पुडासैनीले मतदाताले ढुक्क र शान्तिपूर्ण वातावरणमा मतदान गर्न पाउने सुनिश्चितता गर्न सरकारसँग माग गर्नुभयो । सांसद परियारले गैरआवासीय नेपाली सङ्घ (एनआरएन)को निर्वाचनमा सरकारको भूमिकाबारे प्रश्न उठाउनुभयो ।

सांसद घनश्याम रिजालले निर्वाचन नजिकिँदै जाँदा बजारमा कृत्रिम अभाव र कालोबजारी बढेको उल्लेख गर्दै प्रभावकारी बजार अनुगमन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । शून्य समयमा बोल्दै सांसदहरूले तामाकोसी बस दुर्घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभयो । मृतकका परिवारलाई आवश्यक राहत उपलब्ध गराउन सभामुखमार्फत सरकारसँग माग राख्दै उहाँहरूले घाइतेहरूको उपचारका लागि आवश्यक सबै प्रकारका सहयोग सुनिश्चित गर्न पनि ध्यानाकर्षण गराउनुभयो ।

सांसद रेणु चन्द र श्रीकृष्णप्रसाद अधिकारीले बढ्दो सडक दुर्घटना न्यूनीकरणका लागि सरकार गम्भीर हुनुपर्ने बताउँदै सुरक्षित सडक यात्राका लागि सरोकारवाला सबै पक्षको सक्रियता आवश्यक रहेको उल्लेख गर्नुभयो ।रासस

# वातावरण संरक्षणसँगै पूर्वाधार विकास आवश्यक छः वनमन्त्री चौलागाईं



काठमाण्डु । वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईंले मुलुक समृद्धिका लागि वातावरण संरक्षणसँगै दिगो पूर्वाधार विकास आवश्यक रहेकामा जोड दिनुभएको छ ।

नेपाल वातावरण पत्रकार समूह र 'अर्थ जर्नालिजम नेटवर्क'को संयुक्त आयोजनामा बुधबार यहाँ आयोजित कार्यक्रममा उहाँले दुवै विषयसँग सम्बन्धित मन्त्रालयको जिम्मेवारी हाल आफूले सम्हालेको र सोहीअनुसार समन्वय गरिरहेको जानकारी गराउनुभयो । मन्त्री चौलागाईंले मुलुक समृद्धि र जनताको आयआर्जन वृद्धिका लागि प्राकृतिक स्रोतको दिगो उपयोगमा जोड दिँदै यसमा सञ्चार क्षेत्रको समन्वयकारी भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

उहाँले जनतालाई सुशासनको प्रत्याभूति प्रदान गर्न तीनै तहका सरकार र सरोकारवाला निकाय सबैले जिम्मेवारी निर्वाह गर्नुपर्ने र भएका कानुन कार्यान्वयनमा जोड दिनुपर्ने उल्लेखगर्नुभयो।मन्त्रीचौलागाईंले भन्नुभयो, "तीनै तहका सरकारबीच संविधानअनुसारको सहकार्य र समन्वयको मर्म आत्मसात् नहुँदा सङ्घीयता दिगो हुन सक्दैन, त्यसैले सबै तहका सरकारले आफ्नो जिम्मेवारीअनुसार कर्तव्य निर्वाह गर्नु आवश्यक छ ।"

कार्यक्रममा नेपालस्थित युरोपियन युनियनका राजदूत भेरोनिक्यू लोरेन्जोले वातावरण संरक्षण गर्न, विपद्का समयमा जनताका आवाज बुलन्द गर्न र जनताका मुद्दा सरोकारवालासम्म पुर्याउन सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । अर्थ जर्नालिजम नेटवर्कका एसिया क्षेत्रीय प्रबन्धक एमी सिमले नेटवर्ककाबारेमा अवगत गराउँदै वातावरण पत्रकारहरुले वातावरण संरक्षणमा कसरी योगदान गरिरहेका छन् भन्नेबारे चर्चा गर्नुभयो ।

अर्थ जर्नालिजम नेटवर्कका दक्षिण एसिया संयोजक रमेश भुसालले समाजिक सञ्जालको तीव्र विकासपछिको वर्तमान अवस्थामा पत्रकारिताका नयाँ आयामबारेमा प्रस्तुति दिँदै सञ्चार क्षेत्रले प्राकृतिक स्रोत व्यवस्थापन तथा हरित आर्थिक वृद्धिमा गर्नसक्ने भूमिकाका बारेमा जानकारी गराउनुभएको थियो ।

उद्घाटनपछि समूहगत छलफलमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्यवाहक अध्यक्ष डा जुद्धबहादुर गुरुङ, पाँचखाल नगरपालिकाका नगरप्रमुख महेश खरेल, विश्व वन्यजन्तु कोषका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङ, निवर्तमान सांसद प्रतिमा गौतम, सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका महासचिव पार्वता गौतमले प्राकृतिक स्रोत व्यवस्थापन तथा हरित आर्थिक वृद्धिका लागि गर्नुपर्ने नीतिगत सुधार र सञ्चार क्षेत्रको भूमिका बारेमा आआफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।रासस

# तोकिएको मितिमै निर्वाचन हुन्छः संयोजक दाहाल



कास्की । नेपाली कम्युनिष्ट पार्टी(नेकपा)का संयोजक पुष्पकमल दाहाल'प्रचण्ड'ले तोकिएको मितिमै निर्वाचन हने भएकाले निर्वाचन प्रक्रियामा जुट्न निर्देशन दिनुभएको छ ।

पोखरामा बुधबार आयोजित पार्टीको जिल्लास्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै संयोजक दाहालले आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन सुनिश्चित भएकाले प्रचारप्रसार अभियानमा सक्रिय हुन काममा जुट्न निर्देशन दिनुभएको हो ।

निर्वाचन हुँदैन की भन्ने द्विविधाबाट मुक्त भई अबको तीन हप्ता पार्टीलाई दिन अनुरोध गर्दै उहाँले भन्नुभयो, "जेनजी आन्दोलनपछि मुलुकमा विकसित असाधारण परिस्थितिमा हुनलागेको निर्वाचनको परिणाम नेकपाको पक्षमा ल्याउन देशभरका नेता, कार्यकता तथा शुभेच्छुक आआफ्नो ठाउँबाट खटिन आवश्यक छ, आजैदेखि सक्रिय भई आफ्ना उम्मेदवारलाई जिताउन अघि बढ्नुहोस् ।" "निर्वाचनको अन्तिम अवस्थामा अन्य पार्टीसँग चुनावी तालमेल गरी नेकपाले उम्मेदवारी निष्कृय गराउने हल्ला फैलाउन सक्नेतर्फ सचेत गरउँदै अहिलेको निर्वाचनमा कुनै पनि किसिमको समिकरण वा तालमेल गर्ने पक्षमा छैनौँ, आफ्नै खुट्टामा उभिएर आमजनताको विश्वास जिती संसद्मा ठूलो पार्टी बन्न चाहन्छौँ", संयोजक दाहालले भन्नुभयो । रासस

# 'सबै प्रकारका भ्रष्टचारलाई छानबिनको दायरामा ल्याउनुपर्छ'




गण्डकी । गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले सुशासन, सामाजिक न्याय र समृद्धिको अवधारणालाई मूर्तरुप दिन सबै प्रकारका भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउननुपर्ने बताउनुभएको छ ।

अ ख्ति या र दुरुपयोग अनुसन्धान आयोगको ३५औँ स्थापना दिवसका अवसरमा आयोगको पोखरा कार्यालयद्वारा बुधबार आयोजित समारोहमा उहाँले शक्ति र पद हुँदैमा कानुनी जवाफदेहीताबाट कोही पनि मुक्त हुन नहुने धारणा राख्नुभयो ।

"राज्यका निकाय, निजी क्षेत्र, नागरिक समाज र आम नागरिकले आ-आफ्नो तहबाट भ्रष्टाचार न्यूनीकरणमा जिम्मेवारी बोधसहित भ्रष्टाचारमुक्त समाज स्थापना र सुशासनको प्रत्याभूतिका लागि तत्परता र सक्रियता देखाउन जरुरी छ", उहाँले भन्नुभयो, "नीति, पद्धति, प्रविधि र प्रवृत्तिगत सुधारका प्रयासलाई प्रभावकारी बनाएर अनुशासन र सदाचार प्रणालीको विकास गर्नु आजको आवश्यकता रहेको छ ।" प्रदेश प्रमुख भट्टले भ्रष्टाचारको प्रकृति र प्रवृत्तिमा परिवर्तन आएकाले अनुसन्धानको विषयमा देखिएका नयाँ चुनौतीलाई सामना गर्न आयोग तथा मातहतका कार्यालयहरू सशक्त भई आफ्नो कार्यपद्धतिलाई रचनात्मक बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले उपलब्ध साधनस्रोतको सीमामा रहेर उच्चतम प्रविधिको प्रयोग गर्दै राष्ट्रसेवक कर्मचारीहरूले आफ्नो सीप, ज्ञान, दक्षता र क्षमता अभिवृद्धि गरेर व्यवस्थापकीय कार्यकुशलता प्रदर्शन गर्न सक्नुपर्नेमा जोड दिनुभयो ।

"भ्रष्टाचार विरुद्धको लडाइ हामी सबैको साझा हो । आर्थिक अनियमितता, भ्रष्टाचार नियन्त्रणको काम चुनौतीपूर्ण छ", उहाँले भन्नुभयो, "मुलुकमा सुशासन स्थापना गर्न, लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउन र प्रणाली बसाउन अख्तियार क्रियाशील रहेको भन्ने मेरो बुझाइ छ ।"

समारोहमा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव ढण्डुराज घिमिरेलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो । सोही अवसरमा आयोगको पोखराका कार्यालयमा कार्यरत इन्जिनियर सौगात थापा र कम्युटर अपरेटर राजुप्रसाद रेग्मीलाई 'अख्तियार अनुसन्धान सेवा पुरस्कार' प्रदान गरिएको थियो ।रासस

# आचारसंहिता उल्लङ्घंन गर्ने ५१ लाई आयोगले सोध्यो स्पष्टीकरण, ३० जवाफ

काठमाण्डु । केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त ५१ उजुरी प्राप्त भई सम्बन्धित राजनीतिक दल तथा उम्मेदवारलाई स्पष्टीकरण सोधिएकोमा ३० वटाको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेद्वार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो । दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत् स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले राससलाई जानकारी दिनुभयो ।

जिल्लास्तरमा निर्वाचन आचारसंहिना उल्लङ्घनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ । निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारवाहीको प्रक्रिया अघि बढाइरहेको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुमगन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालय क्रियाशील रहेको उहाँले बताउनुभयो ।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिक बाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोप नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । छोटो समयमै सबै जिल्लामा सरोकारवालालाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिवद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको आयोगले जनाएको छ । जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको पनि जनाइएको छ ।रासस

# श्रीलङ्का: सन् २०२२ मा सांसदको हत्यामा संलग्न १२ जनालाई मृत्युदण्डको सजाय



**सिन्ह्वा**

कोलम्बो। श्रीलङ्काको गम्पाहा उच्च अदालतले सन् २०२२ मा तत्कालिन सांसद अमराकिर्थी अथुकोराला र उहाँका एक सुरक्षा अधिकारीलाई हत्या गरेको अभियोगमा १२ अभियुक्तलाई बुधबार मृत्युदण्डको सजाय सुनाएको छ।

हत्याको सम्बन्धमा कुल ४२ जनालाई अभियोग लगाइएको यो निर्णय एक विस्तारित सुनुवाइपछि आएको हो। मृत्युदण्डको सजायका अतिरिक्त अदालतले अन्य चार व्यक्तिलाई पनि छ महिनाको जेल सजाय सुनाएको छ। अन्य २३ जना अभियुक्तलाई अदालतले सफाइ दिएको थियो।

आरोपहरू सन् २०२२ मेमा राष्ट्रव्यापी अशान्तिको समयमा प्रकट भएका घटनाहरूबाट उत्पन्न भएका थिए। रिपोर्टअनुसार हत्या गरिएका सांसद अमराकिर्थी अथुकोराला र उहाँका सुरक्षा अधिकारीले आक्रोशित प्रदर्शनकारीमाथि गोली चलाउँदा दुई जना प्रदर्शनकारी गम्भीर घाइते भएका थिए। प्रदर्शनकारीमाथि भएको आक्रमण पछि त्यसै दिन गोली चलेको स्थान नजिकैको भवनमा सांसद अमराकिर्थी र उहाँका सुरक्षाकमीलाई हत्या गरिएको अवस्थामा फेला पारिएको थियो।

# लोकतान्त्रिक सुधारमा बङ्गलादेशको मतदान

**एएफपी**

ढाका। बङ्गलादेशले सन् २०२४ को जनविद्रोहपछि पहिलो संसदीय निर्वाचनसँगै व्यापक लोकतान्त्रिक सुधारसम्बन्धी ऐतिहासिक जनमतसङ्ग्रहमा बिहीबार मतदान हुन गइरहेको छ। उक्त विद्रोहले शेख हसिनाको १५ वर्ष लामो शासन अन्त्य गरेको थियो।

मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले प्रस्तुत गरेको सुधार प्रस्तावलाई 'जुलाई चार्टर' नाम दिइएको छ। ८५ वर्ष पुगेका नोबेल शान्ति पुरस्कार विजेता युनुसले यो चार्टर भविष्यमा निरङ्कुश एक-पार्टी शासनमा फर्किने सम्भावना रोक्न तयार गरिएको बताउनुभएको छ।

चार्टरमा प्रधानमन्त्रीका लागि कार्यकाल सीमा तोक्ने, संसद्‌लाई द्विसदनीय बनाउने, राष्ट्रिय मतका आधारमा १०० सिटको माथिल्लो सदन गठन गर्ने, राष्ट्रपतिको अधिकार बलियो बनाउने तथा न्यायपालिकाको स्वतन्त्रता सुदृढ गर्ने प्रस्ताव समेटिएका छन्। साथै संसद्मा महिलाको प्रतिनिधित्व बढाउने र विपक्षी दलबाट उपसभामुख तथा संसदीय समितिका अध्यक्ष चयन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

मतदातालाई यी संवैधानिक, निर्वाचन तथा संस्थागत सुधारहरू अनुमोदन गर्ने वा नगर्ने विषयमा मत दिन आग्रह गरिएको छ। इन्टरनेसनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम (आइएफइएस) ले यसलाई बङ्गलादेशको



लोकतान्त्रिक तथा संवैधानिक व्यवस्थाका लागि महत्त्वपूर्ण मोडका रूपमा व्याख्या गरेको छ।

मतदानपछि पदत्याग गर्ने घोषणा गरिसक्नुभएका युनुसले चार्टरलाई आफ्नो कार्यवाहक प्रशासनको मुख्य उपलब्धि बनाउन चाहनुभएको छ। उहाँले 'हो' मतले नयाँ बङ्गलादेश निर्माणको ढोका खोल्ने बताउनुभएको छ।

पूर्व सत्तारूढ अवामी लिगलाई निर्वाचन प्रक्रियामा सहभागी हुन प्रतिबन्ध लगाइएको छ। बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी), जमात-ए-इस्लामी नेतृत्वको गठबन्धन तथा विद्यार्थी आन्दोलनबाट बनेको राष्ट्रिय नागरिक पार्टी (एनसिपी) ले 'हो' मतको समर्थन गरेका छन्। यद्यपि केही दलले चार्टरका केही प्रावधानप्रति असहमति जनाएका छन्।

प्रमुख दलहरूको समर्थनका कारण जनमतसङ्ग्रह पारित हुने आकलन गरिएको छ। तर सर्वसाधारणमा प्रस्तावबारे पर्याप्त जानकारी नपुगेको देखिएको छ। ढाकास्थित आइआइडी नीति अनुसन्धान केन्द्रले गरेको सर्वेक्षणअनुसार ३७ प्रतिशत मतदातालाई मात्र चार्टरको विषयवस्तुबारे जानकारी छ र औपचारिक शिक्षा नभएकामा यो अनुपात आठ प्रतिशतमा सीमित छ।

आइआइडीले सुधार प्रक्रिया बन्द ढोकाभित्र सीमित भएको भन्दै सूचित र समावेशी जनमतसङ्ग्रहका लागि पर्याप्त सार्वजनिक संलग्नता नदेखिएको टिप्पणी गरेको छ। साधारण बहुमतले पारित भएमा जनमतसङ्ग्रहको निर्णय निर्वाचन जित्ने दलहरूका लागि बाध्यकारी हुनेछ। यद्यपि कार्यान्वयनका लागि नयाँ संसद्को अनुमोदन अझै आवश्यक रहनेछ।

# इजरायलद्वारा वेस्ट ब्याङ्कबाट २३ जना प्यालेस्टिनी पक्राउ

**क्यूएनए**

जेरुसेलम। इजरायली कब्जा बल ९आइओएफ० ले बुधबार वेस्ट ब्याङ्कका विभिन्न क्षेत्र बाट २३ जना प्यालेस्टिनीलाई पक्राउ गरेको छ।



वफा समाचार एजेन्सीले स्थानीय सुरक्षा स्रोतहरूले अल-खलिलमा १० जना प्यालेस्टिनीहरूलाई पक्राउ गर्नुका साथै धेरै घरहरूमा छापा मारेको रिपोर्ट गरेको छ।आइओएफले बेथलेहेममा चार प्यालेस्टिनी, नब्लसको गवर्नरेटमा पाँच र उत्तरी रामल्लामा अन्य तीन जनालाई पक्राउ गरेको जनाएको छ।

उत्तरपूर्वमा कब्जा गरिएको जेरुसेलमा आईओएफले एक जना प्यालेस्टिनी महिलालाई पक्राउ गरेको जनाइएको छ।वेस्ट ब्याङ्क र अल-कुद्सका सहरहरू, र शरणार्थी शिविरहरूमा आईओएफद्वारा दैनिक छापा र आक्रमणहरू भई रहेको जनाइएको छ भने प्रायः द्वन्द्व, गिरफ्तारी, र जीवित र रबरको गोलीको साथसाथै युवा प्यालेस्टिनीहरूमा अश्रु ग्याँस पनि प्रहार गरेको जनाइएको छ।

# नयाँ वर्षले चीनमा यात्राको रेकर्ड तोड्ने सङ्केत

**एपी**

बेइजिङ। चन्द्र नयाँ वर्ष नजिकिँदै जाँदा चीनभर वार्षिक यात्राको भीड सुरु भएको छ, जसलाई संसारकै सबैभन्दा ठूलो मानव आवागमन मानिन्छ। सरकारले ४० दिनको यात्राअवधिमा करिब नौ अर्ब ५० करोड यात्राहरू हुने अनुमान गरेको छ। यो हालसम्मकै उच्च सङ्ख्या हो।

सिचुआन प्रान्तको राजधानी चेङ्दु घर भएका लिउ झिक्वान बेइजिङबाट करिब दुई हजार किलोमिटर टाढा निर्माण क्षेत्रमा काम गर्नुहुन्छ। उहाँ घर फर्किन ३० घण्टाभन्दा लामो रेल यात्रा गर्न तयारीमा हुनुहुन्छ। उच्च गतिको रेलले नौ घण्टामै पुगिए पनि खर्च दोब्बरभन्दा बढी लाग्ने भएकाले उहाँले सस्तो ढिलो रेल रोज्नुभएको हो। अर्थतन्त्र कमजोर हुँदा कमाइ कठिन भएको उहाँको भनाइ छ।

चीनमा 'चुन्युन' नामले चिनिने यो यात्रा अवधिमा करोडौँ कामदारहरू आफ्ना परिवारसँग चाड मनाउन गृहनगर फर्किन्छन्। सरकारी तथ्याङ्कअनुसार करिब ५४ करोड



रेलमार्फत् र ९५ करोड हवाई यात्राहरू हुने अपेक्षा गरिएको छ। बाँकी यात्राहरू सडकमार्फत् गरिनेछन् ।लामो कार्यसमय र सीमित वार्षिक बिदाका बीच चन्द्र नयाँ वर्ष धेरैका लागि अमूल्य अवसर हो। बेइजिङका रेल स्टेसनहरूमा यात्रुहरू ठूला झोला र सुटकेससहित रेलको प्रतीक्षामा देखिएका छन्। कतिपय यात्रुहरूले स्टेशनमा उपलब्ध निःशुल्क तातो पानी प्रयोग गरेर 'इन्स्ट्यान्ट नूडल्स' खाएर समय बिताइरहेका छन्।

बेइजिङमा हालै पूर्णकालिक काम सुरु गर्नुभएकी टियान डुओफूले फेब्रुअरी १५ देखि सुरु हुने नौ दिने बिदाको प्रतीक्षा गरिरहनुभएको बताउनुभयो। काम सुरु गरेपछि लामो बिदा दुर्लभ भएको र परिवारसँग भेटघाट कम हुँदै गएको महसुस भएको उहाँले उल्लेख गर्नुभयो। उहाँका अनुसार वसन्त महोत्सव परिवारसँग पुनर्मिलनको महत्त्वपूर्ण समय हो।

हेनान प्रान्त घर भई बेइजिङमा बिहानको खाजा स्टल सञ्चालन गर्दै आउनुभएकी टियान युन्सियाले पनि नयाँ वर्ष परिवारसँगै मनाउन घर जान चाहेको बताउनुभएको छ। उहाँका अनुसार घर फर्कन नसके चाडपर्वको वास्तविक अनुभूति गर्न नसकिने हुन्छ।

# मेक्सिकामा जब्त हतियारमध्ये ७७ प्रतिशत अमेरिका बाटै आएको खुलासा

**सिन्ह्वा**

मेक्सिको सिटी। मेक्सिकोले विगत केही वर्षमा करिब १८ हजार अवैध हतियार जब्त गरेको छ, जसमध्ये ७७ प्रतिशत हतियार अमेरिका बाटै आएका मेक्सिकोका रक्षा सचिव रिकार्डो ट्रेभिल्ला ट्रेजोले मंगलवार



जानकारी दिनुभएको छ।

प्रेस सम्मेलनमा राष्ट्रपति क्लाउडिया शैनबाउमले यी हतियारहरू कसरी संगठित अपराध समूहको हातमा पुगे भन्ने विषयमा गहिरो अनुसन्धान आवश्यक रहेकोमा जोड दिनुभयो। उहाँले ड्रग तस्करी र सिमापार हतियार तस्करीलाई मेक्सिकोका प्रमुख चुनौतीका रूपमा उल्लेख गर्नुभयो।

उहाँहरूले अपराधिक गिरोहलाई कमजोर पार्न र सुरक्षा चुनौतीहरू सामना गर्न संयुक्त प्रयास र अन्तर्राष्ट्रिय सहयोग अनिवार्य रहेको पनि बताउनुभयो। विशेष रूपमा, अमेरिकासँगको सशस्त्र र सुरक्षा समन्वयलाई अझ सुदृढ बनाउनु आवश्यक रहेकोमा जोड दिइएको छ।यसले अमेरिका र मेक्सिकोबीच सीमा पार हतियारको समस्यालाई फेरि ध्यानाकर्षण गराएको छ, जहाँ अवैध हतियारहरू प्रायः सिमापार भएर गिरोह र तस्करी नेटवर्कमा पुग्ने गरेको देखिन्छ।

# पाँच लाख आप्रवासीलाई कानुनी मान्यता दिने स्पेनको निर्णय विवादमा

**सिन्ह्वा**

म्याड्रिड। युरोपेली आयोगले स्पेन सरकारले अघि बढाएको आप्रवासी नियमितीकरण योजनाले अन्य सदस्य राष्ट्रहरूमा नकारात्मक प्रभाव पार्न नहुने स्पष्ट पारेको छ। आयोगले यस्तो कदमले युरोपेली सङ्घभित्रको आवतजावत र आप्रवासन व्यवस्थापनमा असन्तुलन सिर्जना गर्न सक्ने भएकाले सावधानी अपनाउनुपर्ने जनाएको हो।

स्पेन सरकारले करिब पाँच लाख अवैध रूपमा बसोवास गरिरहेका आप्रवासीहरूलाई कानुनी मान्यता दिने योजना स्वीकृत गरेको छ। स्पेनको सरकारका अनुसार यस कदमले देशभित्र श्रम बजार व्यवस्थापन, सामाजिक सुरक्षा दायराको विस्तार तथा अवैध बसोवासको समस्या समाधानमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

यद्यपि, युरोपेली सङ्घका आन्तरिक मामिला तथा आप्रवासन आयुक्तले युरोपेली संसदमा बोल्दै एक सदस्य राष्ट्रले आफ्नै आवश्यकता अनुसार नीति निर्माण गर्न सक्ने भए पनि त्यसले अन्य सदस्य राष्ट्रहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर पार्न नहुने बताउनुभएको छ। उहाँले विशेष गरी नियमितीकरणबाट लाभान्वित व्यक्तिहरूले अन्य सदस्य राष्ट्रहरूमा गएर अवैध रूपमा बसोवास गर्ने सम्भावनाबारे चिन्ता व्यक्त गर्नुभयो।

आयुक्तका अनुसार यदि कुनै व्यक्ति स्पेनबाट कानुनी मान्यता पाएपछि अर्को सदस्य राष्ट्रमा अवैध रूपमा बसोवास गरेको पाइएमा, त्यस्ता व्यक्तिलाई अनुमति दिएको देशमै फर्काइने व्यवस्था लागू गरिनेछ। उहाँले युरोपेली संघभित्र आप्रवासनसम्बन्धी सहकार्य, समन्वय र साझा नियमहरूको पालना अत्यावश्यक रहेकोमा जोड दिनुभयो। युरोपेली आयोगले सुरक्षित, कानुनी र व्यवस्थित आप्रवासन प्रणाली निर्माण गर्नु अहिलेको प्रमुख प्राथमिकता रहेको जनाएको छ। साथै, अवैध आप्रवासन नियन्त्रण, सीमाको प्रभावकारी व्यवस्थापन तथा फिर्ता प्रक्रिया सुदृढ बनाउन विद्यमान नियमहरू कडाइका साथ कार्यान्वयन गर्नुपर्ने उल्लेख गरेको छ।

स्पेनको यो निर्णयले युरोपेली सङ्घभित्र आप्रवासन नीतिबारे पुनः बहस चर्काएको छ। केहीले यसलाई मानवीय दृष्टिकोणबाट सकारात्मक कदम मानेका छन् भने कतिपयले यसले अन्य देशहरूमा आप्रवासीको चाप बढ्न सक्ने तर्क गरेका छन्।




# दबाबबीच इरानमा क्रान्ति दिवस

**एपी**

दुबई। इरानले सन् १९७९ को इस्लामिक क्रान्तिको ४७औँ वार्षिकोत्सव बुधबार मनाएको छ, तर देश भित्री असन्तोष र बाह्य दबाबका कारण संवेदनशील अवस्थामा रहेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यपूर्वमा अर्को विमानवाहक समूह पठाउने सङ्केत गर्नुभएको छ भने इरानभित्र हालै भएका विरोध प्रदर्शनमाथि गरिएको कठोर दमनको अन्तर्राष्ट्रिय आलोचना जारी छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको वासिङ्टन भ्रमणको सन्दर्भमा ट्रम्पले तेहरानसँग सम्भावित नयाँ आणविक सम्झौतामा कडा सर्त राख्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो। यसैक्रममा, पछिल्लो चरणको वार्तामा मध्यस्थता गरेको ओमान भ्रमणपछि एक वरिष्ठ इरानी सुरक्षा अधिकारी कतार पुग्ने कार्यक्रम रहेको जनाइएको छ।

राज्य सञ्चारमाध्यमहरूले तेहरानसहित देशभर हजारौँ समर्थकहरू सडकमा उत्रिएको दृश्य प्रसारण गरेका छन्, जहाँ इस्लामिक गणतन्त्र र ८६ वर्षीय सर्वोच्च नेता अयातुल्ला अली खामेनीप्रति समर्थन जनाइएको छ। यद्यपि राजधानी तेहरानमा केही स्थानबाट 'तानाशाह मूर्दावाद' जस्ता नारासमेत सुनिएको प्रत्यक्षदर्शीहरूले बताएका छन्।

सडक प्रदर्शनमा सहभागीहरूले



इरानी र प्यालेस्टिनी झण्डासहित खामेनी तथा इस्लामिक गणतन्त्रका संस्थापक आयातोल्लाह रुहोल्लाह खोमेनीका तस्बिर बोकेका थिए। कतिपयले 'अमेरिका मूर्दावाद' र 'इजरायल मूर्दावाद' जस्ता नारा लगाएका थिए।सुधारवादी राष्ट्रपति मसुद पेजेस्कियानले तेहरानको आजादी स्क्वायरमा सम्बोधन गर्ने कार्यक्रम रहेको थियो।

उहाँले यसअघि विदेशमन्त्रीलाई अमेरिकी पक्षसँग वार्ता अघि बढाउन निर्देशन दिनुभएको थियो। आठ करोड ५० लाख जनसङ्ख्या भएको इरानमा शासनप्रति बलियो समर्थन गर्ने समूह अझै सक्रिय रहेको छ, जसमा अर्धसैनिक क्रान्तिकारी गार्डका सदस्यहरू पनि पर्छन्। हालैको दमनमा हजारौँ पक्राउ परेका र कैयौँ मारिएका विवरण सार्वजनिक भएका छन्। केही नागरिकहरू सरकारी कर्मचारी भएकाले वा सरकारी प्रायोजनमा आयोजित कार्यक्रमको वातावरणका कारण पनि समारोहमा सहभागी हुने गरेका छन्।

स्मरणोत्सवपछि वरिष्ठ सुरक्षा अधिकारी अली लारिजानी ओमानबाट कतारतर्फ प्रस्थान गर्नुभएको छ। कतारले अमेरिकी सैन्य आधार होस्ट गर्दछ, जसलाई इरानले गत जुनको १२ दिने इरान-इजरायल युद्धको क्रममा आक्रमण गरेको थियो। कतार विगतमा इरानसँग वार्तामा महत्त्वपूर्ण मध्यस्थकर्ता रहँदै आएको छ।

रूसी सञ्चारमाध्यमसँग कुरा गर्दै विदेशमन्त्री अब्बास अराघचीले अमेरिकाप्रति पूर्ण विश्वास नरहेको बताउनुभएको छ। गत जुनमा वार्ताकै बीचमा आक्रमण भएको अनुभव अत्यन्तै नकारात्मक रहेको उहाँको भनाइ थियो। भविष्यमा त्यस्तो अवस्था दोहोरिन नदिन ग्यारेन्टी आवश्यक रहेको र त्यसमा धेरै हदसम्म अमेरिका जिम्मेवार हुने उहाँले उल्लेख गर्नुभयो। यद्यपि उहाँले सन् २०१५ को आणविक सम्झौताभन्दा अझ राम्रो सहमति सम्भव हुन सक्ने सङ्केत गर्नुभएको छ।

संयुक्त राज्य अमेरिकाले युएसएस अब्राहम लिङ्कनसहितका युद्धपोत र लडाकू विमानहरू यसअघि नै मध्यपूर्वमा तैनाथ गरिसकेको छ। ट्रम्पले आवश्यक परे दोस्रो विमानवाहक पनि पठाउन सकिने बताउनुभएको छ। कुन जहाज पठाइने हो भन्ने स्पष्ट नभए पनि युएसएस जर्ज एच. डब्ल्यु. बुश र युएसएस जेराल्ड आर. फोर्ड क्षेत्रीय गतिविधिसँग जोडिएका नामका रूपमा उल्लेख भएका छन्।

# सुनचाँदीको मूल्य पुनः बढ्यो



काठमाण्डु । स्थानीय बजारमा सुनचाँदीको मूल्य लगातार वृद्धि भएको छ । मङ्गलबारको तुलनामा दुवै धातुको मूल्य बुधबार पनि बढेको हो ।नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधबार छापावाल सुन प्रतितोला रु तीन लाख छ हजार ६०० र एक तोला चाँदीको मोल रु पाँच हजार २९० कायम भएको छ ।

मङ्गलबार प्रतितोला सुन रु तीन लाख पाँच हजार ५०० र एक तोला चाँदीको मोल रु पाँच हजार २४० कायम भएको थियो । गत सोमबार एक तोला सुन रु तीन लाख चार हजार ६०० र त्यति नै परिमाणको चाँदी रु पाँच हजार २५० मा खरिदबिक्री भएको थियो ।अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तरराष्ट्रिय बजारमा बुधबार एक औँस सुन पाँच हजार ६० र त्यति नै चाँदी ८२ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।रासस

# नेप्से परिसूचकमा झिनो गिरावट

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक शून्य दशमलव ०४ अङ्कले घटेर दुई हजार ६६२ दशमलव ० ९ को बिन्दुमा कायम भएको हो ।बुधबार ३२९ कम्पनीको दुई करोड २२ लाख ८२ हजार ५० कित्ता शेयर ८२ हजार ४५० पटक खरिदबिक्री हुँदा रू आठ अर्ब ६९ करोड २२ लाख ५० हजार ८५५ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

बुधबारको कारोबारमा बैंकिङ शून्य दशमलव १०, विकास बैंक शून्य दशमलव १८, जलविद्युत् शून्य दशमलव ४७, लगानी शून्य दशमलव ०७ र निर्जीवन बिमा समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ ।

वित्त समूह शून्य दशमलव २५, होटल तथा पर्यटन शून्य दशमलव ६३, जीवन बिमा शून्य दशमलव २३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ४६, लघुवित्त शून्य दशमलव ०६, म्युचुअल फन्ड शून्य दशमलव ३६, व्यापार शून्य दशमलव २३ र अन्य समूह शून्य दशमलव २४ प्रतिशतले घटेको छ । बुधबार ११३ कम्पनीको शेयर मूल्य बढ्दा १३३ कम्पनीको शेयर मूल्य घटेको छ । १३ कम्पनीको शेयर मूल्य भने यथावत देखिएको छ ।

रिदी पावर कम्पनी लिमिटेडको शेयर मूल्य बुधबार सबैभन्दा धेरै नौ दशमलव ६७ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा सुपर माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्य छ दशमलव ३९ प्रतिशतले घटेको छ ।

कारोबार रकम र शेयर सङ्ख्याका आधारमा बुधबार सबैभन्दा धेरै रिदी पावर कम्पनी लिमिटेडको रु ६५ करोड ४७ लाख ६६ हजार ५७२ बराबरको २० लाख ३० हजार ९४४ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ ।रासस

# जलवायु परिवर्तनसँगै पूर्वाधार विकास, कृषि र पर्यटन नै प्रमुख चुनावी मुद्दा

गण्डकी । फागुन २१ को निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दल तथा उम्मेदवारहरू बस्तीबस्तीमा मतदाता रिझाउन पुगिसकेका छन् । हिमाल पहाड र तराईमा समेटिएको गण्डकी प्रदेश देशको मध्यभागमा भएको प्रदेश पनि हो । गण्डकीमा हुने गरेको गतिविधिले समग्र देशलाई प्रतिनिधित्व गर्छ ।

हिमाल पारिका जिल्ला मनाङ, मुस्ताङदेखि पहाडी जिल्ला कास्की, स्याङ्जा गोरखा हुँदै तराईको जिल्ला नवलपुरसमेत जोडिएको यो प्रदेश ११ वटा जिल्लामा समेटिएको छ । उत्तरतर्फ चीनसँगको सिमाना कोराला र दक्षिणतर्फ भारतसँगको सिमाना त्रिवेणी जोडिएको प्रदेश भएका कारण यो दुबै छिमेकी राष्ट्रसँगको सिधा पहुँच भएको प्रदेश पनि हो । यहाँका ११ जिल्लामा रहेका १८ निर्वाचन क्षेत्रमा नै चुनावको तयारीमा दल तथा उम्मेदवारका गतिविधिहरू बढिरहेको छ ।

दल तथा उम्मेदवार वस्तीमा पस्दै गर्दा यतिखेर मतदाताहरू उम्मेदवारसँग विभिन्न प्रतिबद्धता खोजिरहेका छन् । जलवायु परिवर्तनको प्रत्यक्ष असर भोगिरहेको हिमाली क्षेत्रमा यसले पार्दै गएको असरको न्यूनीकरणको विषयलाई यहाँका स्थानीयले आसन्न निर्वाचनका उम्मेदवारहरूसँग प्राथमिकताका साथ उठाउने मुस्ताङको ठिनीका युवा निरज थकाली बताउनुहुन्छ ।

पछिल्लो समयमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनले गम्भीर असर पारिरहेको बताउँदै उहाँले त्यसले गर्दा यहाँको कृषि प्रणालीमा पनि ठूलो प्रभाव पारिरहेको जानकारी दिनुभयो । "जलवायु परिवर्तनका कारण विगतमा हुने गरेको खेतीपाती हिमाली क्षेत्रमा हुन छोडेको छ", उहाँले भन्नुभयो, "किसानहरूले भोगिरहेको यस समस्यालाई न्यूनीकरण गर्नेतर्फ राज्यको चासो पुग्नु अपरिहार्य छ ।" कृषिमा राज्यका तर्फबाट त्यही किसिमको लगानी हुनुपर्ने विषयमा चुनावमा भोट माग्न आउने उम्मेदवारसँग आफूहरू प्रतिबद्धता खोज्ने तयारीमा रहेको उहाँले बताउनुभयो ।

हिमाली क्षेत्रमा २०३२ सालदेखि अव्यवस्थित जग्गाको नापी हुन नसकेको र भूमिहीन सुकुम्बासीहरूलाई समस्या परिरहेको स्थानीयवासी बताउँछन् । सम्पन्न व्यक्तिहरूले जग्गामा स्याउलगायतका खेती गरे पनि भूमिहीनहरू त्यसबाट वञ्चित बनिरहेको उहाँले बताउनुभयो ।

पर्यटकीय गन्तव्य भए पनि त्यसको समुचित उपयोग हुन नसकेको बताउँदै उहाँले उपल्लो मुस्ताङलाई अर्धनिषेधित क्षेत्र कायम गरिँदा त्यसले विदेशी पर्यटकको आगमनलाई प्रभावित बनाएको बताउनुभयो । जलवायु पविर्तनको असरको न्यूनीकरणसँगै कृषि, पर्यटनलगायतका विषय नै यस क्षेत्रका प्रमुख चुनावी मुद्दा रहेको स्थानीयवासीहरू बताउँछन् ।



गण्डकी प्रदेशको 'लाइफलाइन'का रुपमा रहेको कोराला नाकालाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने पर्यटन सम्बद्ध व्यवसायीहरू बताउँछन् । चीनसँगको सीधा सम्पर्क रहेको कोरला नाकालाई सुव्यवस्थित रुपमा सञ्चालन गर्न सकिएमा त्यसले गण्डकी प्रदेशको मात्र नभै समग्र नेपालको समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहुन्छ । "कोराला नाकाको उपयोगसँगै पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट सिधा अन्तरराष्ट्रिय उडान हुनु आवश्यक रहेको छ", उहाँले भन्नुभयो, "गण्डकी प्रदेश पर्यटनको प्रचुर सम्भावना भएको क्षेत्र भएका कारण पर्यटन प्रवर्द्धन र विकासलाई प्राथमिकता दिनु आवश्यक छ ।"

प्रदेशका प्राकृतिक एवं मानवनिर्मित सम्पदाले स्वदेशी वा विदेशी जो कोहीलाई लोभ्याउने गरेका छन् । तराईको नवलपुरदेखि हिमालपारिको जिल्ला मुस्ताङको लोमान्थाङ र मनाङ जिल्लामा पर्ने विश्वको सर्वोच्च उचाइको तिलिचो ताल लगायत प्राकृतिक छटा र सुन्दरता यहाँका प्रमुख पर्यटकीय आकर्षण हुन् । नदीनाला, मठमन्दिर र हिमशृङ्खलाको दृश्यावलोकनका गन्तव्यले गण्डकी प्रदेशमा पर्यटकलाई आकर्षित गर्दै आएको छ ।

प्रदेशभित्रका कास्की जिल्लामा पर्ने फेवाताल, तालबाराही मन्दिर, विन्ध्यवासिनी मन्दिर, मुस्ताङको मुक्तिनाथ, गोरखाको मनकामना, गोरखा दरबार, नवलपुरका गोरक्षमोक्षधाम, कैलाश आश्रम, वाल्मिकी आश्रम, मौलाकालिका, लमजुङको कालिका, तनहुँको ढोरबराह, छाब्दीबराह, थानीमाई, देवघाट आदि धार्मिक पर्यटकीय गन्तव्य हुन् । त्यस्तै स्याङ्जाको आलमदेवी, छायाँ क्षेत्र, बागलुङको कालिका, नवलपुर क्षेत्रका गजेन्द्र मोक्षधाम, कैलाश आश्रम, वाल्मीकि आश्रम, मौलाकालिका आदिलाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिने यहाँका मतदाता बताउँछन् ।

साहसिक पर्यटनको गन्तव्यसमेत रहेको गण्डकी प्रदेशभित्र पोखरामा अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय, जीप लाइन, बञ्जी, अल्ट्रालाइटजस्ता पर्यटकीय गतिविधि सञ्चालनमा छन् भने पर्वत, बागलुङजस्ता स्थानहरूमा साहसिक पर्यटनसँग जोडिएका अग्ला लामा पुलसँगै बञ्जी आदि रहेका छन् ।

पदयात्रा पर्यटनमा आकर्षक मानिएको प्रदेशभित्र अन्नपूर्ण चक्रीय पदमार्ग, मर्दी तथा माछापुच्छ्रे नमूना पदमार्ग, धौलागिरि पदमार्ग आदिका साथै नेपालको एकमात्र मध्यपहाडी क्षेत्रको तनहुँको दुलेगौँडादेखि स्याङ्जाको रामबाछा जोडिने मिलेनियम ट्रेक पनि यही प्रदेशमा पर्दछ ।

पछिल्लो समयमा प्रवर्द्धन र विकास गर्न खोजिएको कास्कीको सिकलेस, ताङतिङ, लमजुङ घनपोखरा, सिउरुङलगायत स्थानबाट सुरु भई दूधपोखरी हुँदै मनाङको तिमाङसम्म जोडिने गुरुङ सम्पदा पदमार्ग पदयात्रा पर्यटनको आकर्षक गन्तव्यका रुपमा विकास हुँदै गएको पर्यटन व्यवसायी बोबरजङ्ग गुरुङले बताउनुभयो ।

पदयात्रा पर्यटनसँगै गण्डकी प्रदेशको पर्यटकीय विकास नै यहाँको प्रमुख आवश्यकता रहेको उहाँले बताउनुभयो । गाउँ पर्यटनमा पनि उत्तिकै आकर्षक यस प्रदेशमा नेपालमा नै पहिलो घरवास सञ्चालन भएको सिरुवारीदेखि बागलुङको ढोरपाटन, लमजुङको घलेगाउँ हुँदै नवलपुरको अमलटारी, पिपरह आदि थुप्रै घरवासहरू पर्यटकलाई स्वागत गरिरहेका छन् ।

कृषिको विकास पनि यस प्रदेशको अर्को प्रमुख सम्भावना हो । स्याउ फल्ने हिमाली भेगदेखि अन्नको उर्बर भूमि तराईको नवलपुरसम्मका क्षेत्रमा भौगोलिक अवस्थिति अनुसार विभिन्न कृषिजन्य उत्पादन गर्न सकिन्छ । कृषिमा राज्यले चासो दिन सक्ने हो भने प्रदेशले देशका अन्य प्रदेशमा पनि यहाँको खाद्यान्न पुऱ्याउन सक्ने अगुवा कृषकहरू बताउँछन् ।

राज्यले कृषकहरूलाई प्रोत्साहित गर्ने किसिमका कार्यक्रम ल्याउनुपर्ने कास्कीको सुरौदी क्षेत्रका अगुवा कृषक रमेश आचार्य बताउनुहुन्छ । "यस क्षेत्रमा कृषिका धेरै सम्भावना भएर पनि त्यसको उजागर हुन सकेको छैन", उहाँले भन्नुभयो, "हाम्रा नदीनालाहरू सिँचाइका लागि उपयोग हुनुपर्नेमा तिनीहरूको कटान नियन्त्रण गर्न नसक्दा बर्सेनि खेतीयोग्य जमिनहरू पनि बगरमा परिणत भइरहेको छ ।" भएका नदीनालाहरूले बर्सेनि गर्ने गरेको कटान नियन्त्रण गर्दै त्यसको पानीलाई सिँचाइका लागि उपयोग गर्ने वातावरण निर्माण गर्नु अपरिहार्य भएको उहाँले बताउनुभयो ।

पछिल्ला समयमा कृषिप्रतिको अनिच्छा एवं बसाइँसराइका कारण खेतीयोग्य जमिनहरू बाँझा हुँदै गएका अवस्थामा राज्यको कृषकमैत्री नीति र प्रोत्साहन गर्ने किसिमका कार्यक्रम अपरिहार्य भएको उहाँको भनाइ छ । आसन्न निर्वाचनमा कृषकका यिनै समस्याको समाधान गर्ने गरी उम्मेदवारहरूसँग प्रतिबद्धता खोजिने उहाँले बताउनुभयो । पछिल्ला समयमा यस प्रदेशमा बाँदरको समस्या पनि गम्भीर रुपमा देखिएको कृषकहरूको दुःखेसो छ । बाँदरकै कारण खेतीपातीमा समस्या परिरहेको बताउँने कृषकहरू यसको नियन्त्रणका लागि तत्कालै राज्यका तर्फबाट उचित ध्यान दिनुपर्ने बताउँछन् । निर्वाचनमा भोट माग्न आउने उम्मेदवार हरूसँग बाँदरको नियन्त्रणका लागि उचित पहल बढाउनका लागि पनि प्रतिबद्धता खोज्ने कृषकहरूको तयारी छ ।

गण्डकी प्रदेशमा रहेर पनि प्रदेशको राजधानी आउन बागमती प्रदेश हुँदै घुमेर आउनुपर्ने बाध्यताको अन्त्य हुनुपर्ने विषय नवलपुरवासीले गर्दै आएका छन् । नवलपुरबाट सीधा तनहुँको भिमादहुँदै पोखरा आउन सकिने भए पनि त्यस मार्गलाई अझै व्यवस्थित गर्न नसक्दा आफूहरू समस्यामा परिरहेको नवलपुर स्थित फारमका स्थानीयवासी बलराम आचार्यले बताउनुभयो । "नवलपुरबाट भिमाद हुँदै सीधा आउने बाटो भएर पनि त्यसलाई उचित व्यवस्थापन गर्न नसक्दा यस क्षेत्रका स्थानीयले प्रदेशको राजधानी पुग्न पनि चितवन हुँदै घुमेर आउनुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "नवलपुरबाट भिमाद हुँदै पोखरा आउने बाटोलाई व्यवस्थित रुपमा सञ्चालन गर्नेतर्फ राज्यको तत्काल ध्यान पुग्नु जरुरी छ ।"

आसन्न निर्वाचनका उम्मेदवारसँग प्रदेश राजधानीसँगको सिधा पहुँचका लागि यस बाटोलाई सुव्यस्थित रुपमा सञ्चालन गर्ने विषयलाई प्राथमिकताका साथ उठाउने उहाँले बताउनुभयो । पछिल्लो समयमा रोजगारीको समस्या पनि यहाँको ज्वलन्त समस्याका रुपमा रहेको बताउँदै उहाँले रोजगारीको सुनिश्चितका लागि उचित पहल हुनुपर्ने बताउनुभयो । स्वदेशमा नै रोजगारी सिर्जना गर्न सकेमा बढ्दो युवा पलायनलाई रोक्न सकिने बताउँदै उहाँले त्यसतर्फ राज्यको ध्यान पुग्नु जरुरी रहेको बताउनुभयो ।

गण्डकी प्रदेशमा आसन्न निर्वाचनका लागि कुल १८ लाख ७० हजार ६५ जना मतादाता रहेका छन् । यसमा महिला मतदाता नौ लाख ५५ हजार ५१६ जना, पुरुष मतदाता नौ लाख १४ हजार ५३५ जना र अन्य १४ जना रहेको प्रदेश निर्वाचन कार्यालय पोखराले जनाएको छ । यस प्रदेशका १८ वटा निर्वाचन क्षेत्रमा विभिन्न २१ राजनीतिक दलसहित स्वतन्त्र उम्मेदवारहरू चुनावी प्रतिष्पर्धामा छन् । प्रदेशमा सबैभन्दा थोरै मतदाता भएको मनाङमा छ हजार ८४९ जना मतदाता रहेका छन् । मनाङमा निर्वाचनका लागि २८ वटा मतदानस्थल निर्धारण गरिएको छ । प्रदेशको सबैभन्दा धेरै मतदाता रहेको कास्की जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा कुल दुई लाख ९३ हजार ८८ मतदाता हरेकामा १५० मतदानस्थल निर्धारण गरिएको छ ।रासस

# राप्तीमा थप २० घडियाल छाडियो



नारायणगढ । चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको घडियाल गोही प्रजनन केन्द्रमा हुर्काइएका गोही निकुञ्जअन्तर्गत जनकौली सामुदायिक वन क्षेत्रको राप्ती नदी प्रणालीमा छाडिएको छ ।

निकुञ्जका सूचना अधिकारी एवं संरक्षण अधिकृत अविनाश थापा मगरका अनुसार मङ्गलबार २० वटा घडियाल नदीमा छाडिएको हो, जसमा तीन भाले र बाँकी पोथी रहेका छन् । छाडिएका २० गोहीसँगै यस वर्ष प्रजनन केन्द्रमा हुर्काइएका कूल १६५ घडियाल राप्ती नदी प्रणालीमा छाडिएको छ । उहाँका अनुसार केन्द्रमा हुर्काएर हालसम्म दुई हजार २४० घडियाल विभिन्न नदीमा छाडिएकामा राप्ती नदीमा मात्रै एक हजार ४८५ घडियाल छाडिएको छ ।

निकुञ्ज भएर बग्ने राप्ती नदी घडियालको प्राकृतिक बासस्थानका लागि उपयुक्त मानिन्छ । नारायणी तथा राप्ती नदी किनारबाट सङ्कलन गरिएका गोहीका अण्डा र केन्द्रमै रहेका गोहीबाट जन्मिएका बच्चालाई केन्द्रमा हुर्काएर प्राकृतिक बासस्थानमा छाड्ने गरिएको छ । हाल केन्द्रमा करिब ६०० को हाराहारीमा घडियाल रहेका छन् ।

नदी किनारबाट सङ्कलन गरिएका अण्डालाई केन्द्रको कृत्रिम ह्याचरीमा राखी बच्चा उत्पादन गरिन्छ । प्रजनन केन्द्रमा विभिन्न उमेर समूहका बच्चा घडियाललाई छुट्टाछुट्टै राखिन्छ । प्राकृतिक वातावरण अनुकूल भएकाले राप्तीमा बढी घडियाल छाडिँदै आएको छ । अवलोकनका क्रममा विशेषगरी राप्ती र नारायणी नदी बढी उपयुक्त देखिएका छन् । गत मङ्सिरमा गरिएको गोही गणना तथा अवलोकनका क्रममा राप्ती र नारायणी नदीमा जम्मा ३६६ घडियाल भेटिएका छन् । तीमध्ये नौवटा भाले रहेका छन् ।

घडियाल तुलनात्मक रूपमा शान्त स्वभावको हुन्छ र नदी तथा किनार छाडेर धेरै टाढा जाँदैन । घडियाल संरक्षण गर्ने उद्देश्यले सन् १९७८ देखि चितवन राष्ट्रिय निकुञ्जको कसरामा घडियाल गोही प्रजनन केन्द्र सञ्चालनमा छ । केन्द्रमा जन्मिएर हुर्काइएका घडियाललाई हरेक वर्ष प्राकृतिक बासस्थानमा छाड्ने गरिन्छ । पाँच वर्षसम्म संरक्षण केन्द्रमा राखी आफैँ आहार खोज्न र खान सक्ने अवस्थामा पुगेपछि नदीमा छाड्ने गरिन्छ । प्राकृतिक बासस्थानबाट अण्डा सङ्कलन गरी केन्द्रमा ह्याचिङ गरिएका तीनदेखि पाँच वर्ष उमेर समूहका करिब एक दशमलव पाँच मिटर लम्बाइ पुगेका घडियाल प्राकृतिक बासस्थानमा छाड्न योग्य हुने सूचना अधिकारी थापाले बताउनुभयो ।

प्रजनन केन्द्रमा हुर्काएर नदीमा छाडिएका घडियालमध्ये थोरै मात्र जीवित रहने गरेको पाइएको छ । कतिपय घडियाल हराउने, केही बाढीले बगाएर भारततर्फ पुग्ने तथा केही विभिन्न कारणले मर्ने गरेका छन् । नदीमा माछा मार्न प्रयोग हुने जालमा अल्झिएर घडियाल मर्ने समस्या बढ्दै गएको छ । निकुञ्ज र संरक्षणकर्मीले बर्सेनि जालमा बेरिएका घडियालको उद्धार गर्दै आएको थापाले बताउनुभयो ।रासस

# कुखुरामा इकोलाईको समस्या

चितवन । जिल्लामा पालिएका कुखुरामा इकोलाईको समस्या देखिएको छ । राष्ट्रिय पन्छीरोग अन्वेषण प्रयोगशालामा चालु आर्थिक वर्षको साउन यता ४३२ वटा कुखुराको परीक्षण गर्दा सबैभन्दा धेरै इकोलाईको समस्या देखिएको हो ।कार्यालयका प्रमुख डा विजयकुमार श्रेष्ठका अनुसार परीक्षण गरिएका कुखुरामध्ये ६२ प्रतिशतमा यो रोगको समस्या देखिएको छ । उहाँका अनुसार मरेको कुखुराको कलेजोको नमूना परीक्षण गर्दा यो रोगको समस्या पहिचान भएको हो । उहाँका अनुसार दूषित पानीको प्रयोगले यो रोगको समस्या बढी देखिने गर्दछ ।



यससँगै पाँच प्रतिशत कुखुरमा साल्मोनेला रोगको सङ्क्रमण देखिएको छ । यो रोग दूषित सामग्रीको प्रयोग, दाना र पानीको लसपसबाट सर्न सक्ने उहाँको भनाइ छ ।व्यावसायिक रुपमा कुखुरापालन गर्ने किसानहरुले खानपानमा ध्यान नदिँदा यो रोगको सङ्क्रमण देखिएको हुनसक्ने प्रमुख श्रेष्ठले बताउनुभयो । कार्यालयले गरेको परीक्षणका क्रममा एभिएन इन्फ्लुन्जा, रानीखेत, गम्बारो, इन्फेक्सीयस ब्रोङ्कराइटिस, चिकेन एनिमिया जस्ता रोगको संक्रमण कुखुरामा देखिएको उहाँले जानकारी दिनुभयो ।

कूल ९४ वटा कुखुराको परीक्षणका क्रममा १४ वटामा एभिएन इन्फ्लुन्जा, ३५ कुखुरा परीक्षणमा छ वटामा रानी खेत, ५३ कुखुरा परीक्षणमा २६ वटामा गम्बारो रोगको सङ्क्रमण देखिएको उहाँले बताउनुभयो । १८ वटा कुखुरामा इन्फेक्सीयस ब्रोङ्काईटीस परीक्षण गर्दा एउटामा र ९२ वटा कुखुरामा चिकन एनिमिया परीक्षणमा ३० वटामा यो रोगको सङ्क्रमण देखिएको हो । चिकन एनिमिया इलाइजा प्रविधिबाट परीक्षण गर्ने गरिन्छ ।

रानीखेत र गम्बारो भाइरसका कारण लाग्ने रोग हो । दुवै रोग जैविक सुरक्षा नअपनाउँदा लाग्ने रोग भएकाले कृषकहरुले जैविक सुरक्षाको विधि अपनाउनुपर्ने उहाँले बताउनुभयो ।रासस

# बेनीको चक्रपथलाई सुरक्षित बनाउन 'रेलिङ' राखियो




म्याग्दी । म्याग्दीको सदरमुकाम बेनीको चक्रपथलाई सुरक्षित र व्यवस्थित बनाउन काम थालिएको छ । सहरी विकास तथा भवन आयोजना बागलुङ मार्फत गत असार महिनामा कालीगण्डकी र म्याग्दीको किनारै किनार नौ सय मिटर सडक ढलान भएको थियो । सडकको डिलतर्फ फलामको रेलिङ राखेर सुरक्षित तथा सडक र रेलिङ बीचको खाली भागमा फुटपाथ बनाउन थालिएको बेनी नगरपालिका-८ का वडा अध्यक्ष उत्तम कर्माचार्यले बताउनुभयो ।

"सडकको डिलतर्फ खाली हुने र पैदलयात्रीहरु सडकमै हिड्दा दुर्घटनाको जोखिम बढेकाले सुरक्षित र ब्यवस्थित बनाउन रेलिङ राख्ने र पैदलयात्रीका लागि पुटपाथ बनाउन लागिएको हो," उहाँले भन्नुभयो "बेनी नगरपालिकाले चालु आर्थिक वर्षमा फरक फरक शिर्षकमा रु. १८ लाख बिनियोजन गरेको यस योजना मार्फत रेलिङ, फुटपाथ निर्माणका साथै रातको समयमा उज्यालो बनाउन सडक बत्ती जडान गरेका छौ ।"

चक्रपथबाट मोटरसाइकल सहित कालीगण्डकीमा खसेका एक युवाको शव भेटिएको थियो भने एक जना अझै वेपत्ता छन् । गर्मीयाममा शितलताका साथै अन्यसमय हिडडुल गर्नेहरुको चहलपहलका साथै चक्रपथमा सवारी साधनको चाप पनि बढेको छ । बेनी नगरपालिकाको ७ र ८ नम्बर वडामा चक्रपथ समेटिएको छ ।

वडा नम्बर ८ को सिफारिसमा रु. आठ लाख बिनियोजन भएको यस योजना मार्फत दुई सय मिटर दुरीमा रेलिङ राखिएको छ । फुटपाथ बनाउन थालिएको छ । गत वर्ष वडा नं.-८ को भूगोलमा ८० मिटर रेलिङ राखिएको थियो । वडा नम्बर ७ को सिफारिसमा रु. १० लाख बिनियोजन भएको योजना पनि कार्यान्वयनको चरणमा छाबेनीनगरपालिका-८,कालीपुलदेखि दोभान हुँदै खुलामञ्चको पश्चिमतर्फ बहुउद्देश्यीय मैदान छेउसम्म नौ सय मिटर लम्बाइमा पाँचदेखि छ मिटर चौडाइका दरले ढलान गरिएको सडकमा 'आइ क्याट' राखिएको छ ।

नदी कटानबाट सुरक्षित राख्न निर्माण गरिएको तटबन्धमाथि 'आरसिसी' ढलान गरी चक्रपथ बनाएपछि नदी तटमा रहेको बेनीबजार सुरक्षित हुनुका साथ आकर्षक देखिएको छ । बजारभित्र सवारी साधनको चाप घटाएको छ । नदी किनारको सडकमा साँझ बिहान, पैदलयात्रा गर्न, हिउँदमा घाम ताप्न तथा बर्खामा गर्मी छल्न बजारबासीहरुको चहलपहल बढेको छ ।

बाढीको उच्च जोखिमयुक्त जिल्ला सदरमुकाम बेनीबजार संरक्षणका लागि सिचाई तथा जलस्रोत व्यवस्थापन आयोजना पोखरा मार्फत पक्की पर्खाल निर्माण योजना अन्तिम चरणमा पुगेको छ । रासस

# रामुपाका उम्मेदवार झा रास्वपामा प्रवेश

**टुडे समाचारदाता**

जनकपुरधाम । राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालका उपाध्यक्ष डा. राजीव झा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरेका छन् ।

बुधवार जनकपुरधाममा आयोजित एक कार्यक्रमका बीच एवं धनुषा ३ का उम्मेदवार समेत रहेका डा. झा राष्ट्रिय मुक्ति पार्टीको साधारण सदस्य समेत नरहने पार्टीको सम्पूर्ण पदीय जिम्मेवारी सहित धनुषा ३ मा दिएको उम्मेदवारी फिर्ताको घोषणा गर्दै रास्वपामा प्रवेश गरेको छ।



रास्वपाका प्रवक्ता समेत रहेका धनुषा ३ का रास्वपा उम्मेदवार मनीष झाले उनलाई घण्टीको ब्याच र दोसल्ला ओढाउँदै पार्टी प्रवेश गराएका छन् । डा. झाको प्रवेशले रास्वपामा थप बल पुगेको भन्दै आउंदो चुनावमा राम्रो मत परिणाम आउन सक्ने विश्वास व्यक्त गरे ।

पार्टी प्रवेश गर्दै डा. झाले भने " म आज एउटा गम्भीर र ऐतिहासिक निर्णय लिँदैछु । लामो समयदेखि रास्ट्रीय मुक्ति पार्टीको केन्द्रीय तहमा काम गरे । तथापि, वर्तमान राजनीतिक परिस्थिति र समयको मागलाई हामीले बेवास्ता गर्न मिल्दैन । नेपालको इतिहासमा पहिलो पटक मधेशी मूलको व्यक्ति प्रधानमन्त्री बन्ने ऐतिहासिक अवसरमा राष्ट्रिय मुक्ति पार्टीमा रहंदा प्राविधिक र नैतिक रूपमा कठिनाइ हुने महसुस गर्दै मधेशी प्रधानमन्त्री बन्ने बाटोलाई सहज बनाउन सहयोग पुर्याउने उद्देश्यले रास्वपामा प्रवेश गरेको हुँ ।''

कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष एवं रास्वपा नेता जितेन्द्र महासेठ पनि झाको प्रवेशले आफुहरु थप बलियो भएको बताए । महासेठ झाको लोकप्रियता र जनाधारले रास्वपालाई झन् शक्तिशाली बनाउनले दाबी गरे ।

रास्वपा प्रवक्ता मनिष झालाई प्रारम्भदेखि नै सहयोग गर्दै आएका पुर्व एसएसपी उमाशंकर पंजियार पनि राजिवको रास्वपा प्रवेशले मनिषलाई ठूलो सहयोग हुने धारणा राखे । डा. झासँगसँगै राष्ट्रिय मुक्ति पार्टीमा लागेका एक दर्जनभन्दा बढी नेता कार्यकर्ताहरु रास्वपामा उनीसँगै प्रवेश गरेका हुन् ।

# भ्रष्टाचार नियन्त्रणका लागि सदाचार आवश्यक

**मधेश प्रदेशका सभामुख रामआशिष यादवले अख्तियार प्रतिको जनविश्वास बढ्यो वा घट्यो जस्ता विषयको मूल्याङ्कन स्थापना दिवसमा गरेर सोही अनुसारको नीति बनाउन जरुरी रहेको कुरामा जोड दिए ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका प्रदेश प्रमुख प्राध्यापक डा. सुरेन्द्र लाभ कर्णले भ्रष्टाचार नियन्त्रणका लागि व्यक्तिमा नैतिकता तथा सदाचारको विकास गर्न जरुरी रहेको बताएका छन् ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३५ औं वार्षिकोत्सवको अवसरमा आयोगको बर्दिबासस्थित कार्यालयद्वारा जनकपुरधाममा आयोजित विशेष समारोहमा बोल्दै उनले अख्तियारको दुरुपयोग रोक्नका लागि आयोगले खेलेको भूमिकाको सराहना गर्दै मुलुकमा सुशासन तथा समृद्धिका लागि भ्रष्टाचारको नियन्त्रण आवश्यक भएको बताए ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले मधेश प्रदेश सरकार प्रदेशमा सुशासन मार्फत समृद्धि र विकासको पक्षमा काम गर्न चाहे पनि सानो सानो विषयमा आयोगले गर्ने गरेको पत्राचारका कारणले कर्मचारीले काम गर्नबाट रोक्ने गरेको आरोप लगाए ।

मधेश प्रदेशका सभामुख रामआशिष यादवले अख्तियार प्रतिको जनविश्वास बढ्यो वा घट्यो जस्ता विषयको मूल्याङ्कन स्थापना दिवसमा गरेर सोही अनुसारको नीति बनाउन जरुरी रहेको कुरामा जोड दिए ।

सो अवसरमा प्रदेश प्रमुख डा. कर्णले आयोगका बर्दिबास कार्यालयका नायव सुब्बा सुरेश कुमार बराल, शाखा अधिकृत अरुण कुमार बराल तथा प्रहरी निरीक्षक सञ्जीव सुवाललाई अख्तियार सेवा पुरस्कार प्रदान गरेका थिए ।

**सबभन्दा बढी धनुषाको उजुरी**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवास कार्यक्षेत्र अन्तर्गत जिल्लाहरुबाट चालु आ.व. २०८२/८३ को पुस मसान्तभित्र ६ महिनाको अवधिमा कुल २ हजार ५ सय २५ उजुरीहरु दर्ता भएकोमा ८ सय १२ वटा उजुरीहरु फछ्र्यौट भएका र बाँकी १ हजार ७ सय १३ उजुरीहरु छानविनको क्रममा रहेका कार्यक्रममा जानकारी गराइयो ।

कुल दर्ता भएका उजुरीहरु मध्ये ७२.६१% उजुरी स्थानीय तहसँग सम्बन्धित रहेको देखिएको छ । जिल्लागत रुपमा हेर्दा धनुषा जिल्लाको सबैभन्दा बढी ७ सय ८०, दोस्रोमा महोत्तरीको ५ सय १४, तेस्रोमा सिरहाको ४ सय ८१, चौथोमा सर्लाहीको ३ सय ९७ र सबैभन्दा कम सोलुखुम्बुको ३९ वटा उजुरीहरु दर्ता भएको तथ्याङ्क देखिन्छ ।

आयोग तथा कार्यालयमा विभिन्न माध्यमबाट दर्ता भएका उजुरीहरुलाई स्क्रिनिङ्ग, प्रारम्भीक छानविन र विस्तृत छानविनबाट तामेली गर्ने, लेखी पठाउने वा अदालतमा अभियोजन गर्ने कार्य गरिन्छ । कुल दर्ता भएका उजुरीहरुमध्ये तामेली गरीएको ६ सय ५, सुझाव सहित तामेली १०, आवश्यक कारबाहीका लागि लेखी पठाएको ७९ र एकिकरण गरिएको १ सय १८ गरी कुल ८ सय १२ उजुरीहरु तामेली गरिएकोमा २ सय ८ उजुरीहरुको विस्तृत अनुसन्धान भईरहेको जनाइएको छ ।


आयोग र मातहतका ८ वटा कार्यालयमा कार्यरत कुल ९ सय ९० कर्मचारीहरुबाट हाल कायम रहेका कुल ३ हजार ७ सय २६ उजुरीहरुको छानविन तथा अनुसन्धान आफैंमा चुनौतिपूर्ण रहेको बताइयो ।

बर्दिबासस्थित कार्यालयले ९ वटा जिल्लामहरु रहेका छन् । जसमा मधेश प्रदेशका सिरहा, धनुषा, महोत्तरी र सर्लाही, कोशी प्रदेशका ओखलढुंगा, खोटाङ र सोलुखुम्बु र बागमती प्रदेशका सिन्धुली र रामेछाप जिल्लाहरु पर्दछन् ।

# व्यक्तिगत घटना दर्ता अनलाइन अनिवार्य

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वडा नं. २२ ले व्यक्तिगत घटना दर्तालाई अनिवार्य रूपमा अनलाइन प्रणालीमार्फत अद्यावधिक गर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।वडा कार्यालयले बुधबार जारी गरेको सूचनाअनुसार जन्म, विवाह, मृत्यु, बसाइँसराइ तथा सम्बन्ध विच्छेदलगायतका व्यक्तिगत घटना दर्ता अब अनलाइन प्रणालीमा प्रविष्ट गर्नुपर्ने व्यवस्था गरिएको छ ।


जनकपुरधाम उप.महानगरपालिका
सूचना
विषय-जानकारी सम्बन्धमा।

वर्तमान समयमा विभिन्न सरकारी कार्यालयबाट अनलाइन विवरण माग भइरहेकाले सेवा सहज र व्यवस्थित बनाउन यस्तो व्यवस्था लागू गरिएको वडा कार्यालयले जनाएको छ ।यसअनुसार वडा नं. २२ बसविट्टी क्षेत्रका नागरिकहरूले सम्बन्धित कागजातको सक्कल प्रतिसहित वडा कार्यालयमा उपस्थित भई दर्ता अनलाइन गराउनुपर्नेछ ।

वडा कार्यालयले आवश्यक कागजातको विवरण पनि सार्वजनिक गरेको छ ।

जन्मदर्ताका लागि बाबु आमाको नागरिकता, विवाहदर्ताका लागि श्रीमान श्रीमती, बाबु आमा तथा सासु ससुराको नागरिकता, मृत्युदर्ताका लागि मृतक र सूचकको नागरिकता आवश्यक पर्नेछ ।त्यसैगरी, बसाइँसराइका लागि सूचकसहित परिवारका सदस्यको नागरिकता वा जन्मदर्ता प्रमाणपत्र तथा सम्बन्ध विच्छेदका लागि पति पत्नीको नागरिकता र अदालतको फैसला अनिवार्य गरिएको छ ।

वडा अध्यक्ष विमलेश मिश्रले समयमै अनलाइन दर्ता नगर्दा सेवा लिन कठिनाइ हुने भएकाले सबै नागरिकलाई आवश्यक कागजातसहित कार्यालयमा उपस्थित हुन आग्रह गरे ।

# नेता कर्याकर्तालाई समय नदिएको प्रति समर्थक रुष्ट



**टुडे समाचारदाता**

सर्लाही । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन साह बुधबार बिहान नवलपुर हुँदै सदरमुकाम मलंगवा प्रवेश गर्दा नेता कार्यकर्तालाई बेवास्ता गरेपछि समर्थक रुष्ट भएका छन् ।

नेता साह सदरमुकाम मलंगवाबाट गोडैता, बरहथवा हुँदै रोतहट प्रस्थान गरेका थिए । १ दिन पहिला उनको कार्यक्रमको रोड म्याप पार्टीले सार्बजनिक गरेको थियो ।

माघ २८ गते बिहान ८:०० बजे सर्लाहीको सदरमुकाम मलंगवा पुगेर क्षेत्र नं,४ को गोडैता नगरपालिका हुँदै हुलाकी सडकबाट गडहिया चौक -छतौना-धुर्वा-खैर्वा बजार- बहुअर्वा-बैरिया-सिसौट बजार हुँदै मानपुर बैरेज -पिपराभिता-हजरिया हुँदै बरहथवा बजार सम्मको कार्यक्रम रहेको थियो । यद्यपि बुधबार बिहान अचानक मात्र नेता बालेन साहको रूट परिवर्तन भएको पार्टीले जनाएको थियो ।

जस अनुसार शाह (बालेन) महोत्तरीको बर्दीवासबाट सर्लाहीको लालबन्दी, हरिवन, बरथवा, हुँदै रौतहटको गरुडा, चपुर, त्यस पछि बारा जिल्लाको निजगढ, कलैया, पर्साको वीरगञ्ज र जितपुरमा रोड शो गरिने पार्टीले जनाएका थिए । सोही अनुसार बालेन साह सर्लाहीको लालबन्दी पुगेर हरिवन नगरपालिका जाँदै गर्दा बिच बाटोमै सर्लाही क्षेत्र नं, ४ का रास्वपाको उम्मेदवार डा. अमरेश कुमार सिंहले भावनात्मक मैसेज गरेपछि साह हरिवन पुगेर पुनः नवलपुर हुँदै मलंगवा पुगेका थिए ।

मलंगवाबाट सिधै गाडीमै बसेर अमरेश सिंहको चुनावी क्षेत्र ४ मा उनी पुग्न भ्याए । यधपी बालेन साह लगभग लगातार ५० देखि ६० को स्पिडमा गाडीमै बसेर सर्लाहीका केही ठाउमा गएका हुन । बालेनको सर्लाही भर्मणमा पार्टी नेता, कार्यकर्ता तथा समर्थकलाई समय नदिएपछि सबै जना रिसाएका छन् ।

# फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

रौतहट । बारा स्थित इलाका प्रहरी कार्यालय सिम्रौनगढले पछिल्लो तीन महिनामा फरार प्रतिवादी नियन्त्रणमा लिन उल्लेखनीय सक्रियता देखाएको छ।

विभिन्न मुद्दामा अदालतबाट कैद सजाय तोकिएका चार जना फरार प्रतिवादीलाई पक्राउ गर्न प्रहरी सफल भएको हो ।

प्रहरी निरीक्षक कृष्णदेव प्रसाद साहका अनुसार यस अवधिमा अन्य तीन वटा फरक मुद्दाका तीन जना फरार अभियुक्त पनि पक्राउ परेका छन् ।

"पछिल्लो तीन महिनामा मात्रै १८ वटा मुद्दा दायर गरेका छौं," उनले भने, "क्षेत्रमा शान्ति सुरक्षा कायम गर्न अधिकतम प्रयास गरिरहेका छौं। "

सिम्रौनगढ प्रहरीले सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार नियन्त्रणमा पनि सक्रियता बढाएको जनाएको छ । प्रहरीले ४९ हजार ७५५ मूल्य बराबरका सामान बरामद गरी वीरगञ्ज भन्सार कार्यालय बुझाएको छ। लागूऔषध नियन्त्रणतर्फ पनि प्रहरीको कारबाही तीव्र देखिएको छ ।

लागुऔषध तर्फ पक्राउ पर्नेमा सिम्रौनगढ-३ का राजकिशोर दुसाद र भारत, बिहार मोतिहारीका सुरेशप्रसाद यादव रहेका छन् ।



त्यसैगरी पुस १५ गते १० किलोग्राम गाँजासहित मोटरसाइकल चालक पक्राउ परेका छन् ।

ना ५४ प ६१८६ नम्बरको मोटरसाइकलसहित राजकुमार महतो र पुनदेव पटेल नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

त्यस्तै, प्रहरीले ४५ हजार ९ सय पिस लागूऔषध हाइड्रोक्लोराइड पनि बरामद गरेको जनाएको छ।

प्रहरीका अनुसार सीमावर्ती क्षेत्र भएकाले लागूऔषध ओसार पसार र फरार अभियुक्त लुक्ने जोखिम उच्च रहने गरेको छ । त्यसैले विशेष निगरानी र सर्च अपरेसन तीव्र पारिएको प्रहरीले जनाएको छ ।

# एक साताभित्रै दुई महिलाको शव फेला पर्‍यो

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरमा एक साताभित्रै दुईजना युवतिको शव फेला परेको छ । धनुषाको जनकपुरधाम उपमहानगरपालिका वडा नं. १७ स्थित युवतिको लास बिहान स्थानीयहरुले खवर गरेको हो । जनकपुरधाम १७ तेतरिया बजारदेखि पौडेश्वर जाने शहिदपथमा तेतरियाभन्दा केही मिटर पूर्व रहेको सोही वडाको कनकपटिट् जाने बाटोस्थित युवति मृत अवस्थामा फेला परेको हो ।



फेला परेको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता गणेश बहादुर बमका अनुसार घटना गएराति नै भएको र

प्रहरीका अनुसार, उनको घाँटीमा शल बेरिएर थिचिएको हो । उनको घाँटीमा सल वा गम्छाले थिचेर मारेको हुन सक्ने आशंका गरिएको छ । नाम, ठेगाना नखुलेको ती युवतिसँगै एक लेडिज ब्याग समेत रहेको छ। जिन्स र कुर्ती लगाएकी युवति अन्दाजी २२ बर्षिय देखिन्छन् । उनको पहिचान अझै नखुलेको प्रवक्ता बमले जानकारी दिए ।

स्थानीयहरु खेतमा जाँदा बिहान ९:३० बजेतर्फ प्रहरीलाई खवर गरेकोमा प्रहरी घटनास्थल पुगेर मुचुल्का गरिरहेको जनाइएको छ । यो घटनाबारे थप विवरण आउन बाँकी छ । गत शुक्रबार मात्र पौडेश्वरदेखि परवाहा जाने बाटोमा एक युवतिको बेबारिसे शव फेला परेको थियो । उनको अझै पहिचान खुल्न सकेको छैनन् । उनलाई पनि हत्या गरी फालिएको प्रहरीले जनाएको छ ।

# मिथिला माध्यमिकी परिक्रमाको तयारी सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला तथा तराई-मधेसको महाकुम्भ मानिने मिथिला माध्यमिकी परिक्रमाको तयारी थालिएको छ । प्रत्येक वर्ष फागुन शुक्लपक्ष प्रतिपदाका दिन धनुषाको मिथिला बिहारी नगरपालिका-८, कचुरीस्थित मिथिला बिहारी मन्दिरबाट सुरु हुने १५ दिने पदयात्राको तयारी सुरु गरिएको हो ।

यस वर्ष फागुन ४ गतेदेखि सुरु भई २० गतेसम्म सञ्चालन हुने परिक्रमामा नेपाल र भारतका लाखौं भक्तजनको सहभागिता रहने अपेक्षा गरिएको छ । नेपालका ११ र भारतका चार गरी १५ पडाव स्थल पार गर्दै तीर्थयात्रीले नाङ्गो खुट्टा करिब १३३ किलोमिटर दूरी तय गर्ने परम्परा रहेको छ ।

मिथिला बिहारी मन्दिरका महन्थ नरेश दासले आगामी सोमबार बिहान कचुरीबाट झाँकीकीर्तनसहितको डोला जनकपुरधामको हनुमानगढी पुग्ने जानकारी दिए । सोही ठाउँमा जानकी मन्दिर, राम मन्दिरलगायत अन्य मठमन्दिरबाट आएका भगवानका डोला तथा भक्तजन एकत्रित भएर कल्याणेश्वरका लागि प्रस्थान गर्ने कार्यक्रम छ ।

उनका अनुसार पहिलो दिन डोला कल्याणेश्वर पुग्नेछ । त्यसपछिका दिनमा मटिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, क्षीरेश्वरनाथ (पर्वता), धनुषाधाम, सतोषर, औरही हुँदै पुनः कल्याणेश्वर पुगिनेछ । फागुन पूर्णिमाका दिन जनकपुरधाम फर्केर अन्तरगृह परिक्रमा गरी १५ दिने यात्रा समापन हुनेछ ।



यसैबीच जिल्ला प्रशासन कार्यालय धनुषाको आयोजनामा परिक्रमाको तयारीबारे बसेको बैठकले विभिन्न निर्णय गरेको छ । बैठकले परिक्रमालाई विगत वर्षझैं व्यवस्थित, सुरक्षित र अनुशासित ढङ्गले सञ्चालन गर्ने निर्णय गरेको सहभागीले बताएका छन् ।

बैठकले निर्वाचन आचारसंहितालाई असर नपर्ने गरी परिक्रमा सफल बनाउन आवश्यक समन्वय गर्ने निर्णय गरेको छ। नेपाल-भारत सीमा नाका बन्द रहेको अवस्थामा भारतीय तीर्थयात्रीको आवतजावतलाई सहज बनाउन सुरक्षा निकायबीच समन्वय गर्ने सुझाव दिइएको थियो । जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको पर्व भएकाले सीमा आवागमनमा सहजीकरण गर्न र पडाव स्थलमा खानेपानी, शौचालय, सडक मर्मत तथा बिजुलीको व्यवस्था गर्न आग्रह गरे ।

लक्ष्मीनारायण मठका उत्तराधिकारी महन्थ डा. रवीन्द्र दास वैष्णवले परम्परादेखि चल्दै आएको परिक्रमाको गरिमा जोगाइराख्न सबै पक्ष सचेत हुनुपर्ने बताए । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहले तीर्थयात्रीका लागि खानेपानी, शौचालय तथा निःशुल्क स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइने जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८